# लेखापरीक्षण प्रतिवेदन

# कोहलपुर नगरपालिका, बाँके

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# कोहलपुर नगरपालिका, बाँके

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/608

**विषय : लेखापरीक्षण प्रतिवेदन।**

श्री नगर प्रमुखज्यू,

कोहलपुर नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, बाँके।

## कैफियत सहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली(सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेस गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण(म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२५ करोड ५ लाख ११ हजार, एकीकृत स्वास्थ्य पूर्वधार विकास कार्यक्रमको रु.३५ लाख ६४ हजार, सामाजिक विकास कार्यक्रमको रु.३ लाख ३१ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२ करोड ३१ लाख ९० हजार, बाल विकास कार्यक्रमको रु.२४ लाख २० हजार, राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु.८ लाख २७

हजार तथा स्थानीय तह प्रशासकीय पूर्वाधार विकास कार्यक्रमको रु.३० लाख समेत गरी रु.२८ करोड ३८ लाख ४३ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु.२ अर्ब ५९ करोड २४ लाख ८५ हजारको लेखापरीक्षण गरिएकोमा रू.४ करोड ८२ लाख ६२ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.५९ लाख ८६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई यस वर्ष प्रतिक्रियाबाट थप ७ लाख ६७ हजार समेत बाँकी बेरुजु रु.४ करोड ३० लाख ४३ हजार मध्ये असुल गर्नुपर्ने रु.७९ लाख १८ हजार, प्रमाणकागजात पेस गर्नुपर्ने रू.५७ लाख ६१ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १७ लाख ९० हजार र पेस्की बाँकी रु.७५ लाख ७४ हजार रहेको छ। गत वर्षसम्मको बाँकी बेरुजु रु.३४ करोड ४४ लाख ८९ हजार रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.३८ करोड ७५ लाख ३२ हजार रहेको छ। बेरुजु बर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसै साथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

कोहलपुर नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका ब्यहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान(नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी कोहलपुर नगरपालिका व्यवस्थापनमा रहेको छ। कोहलपुर नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण

मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

# बेरुजुको बर्गीकरण

१. चालु वर्षको बेरुजु (रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४५ | २०४ | ४८२६२ | ० | २ | ५९८६ | ७६७ | ४५ | २०२ | ४३०४३ | ७९१८ | २१७९० | ५७६१ | ० | ० | २७५५१ | ७५७४ |

२. अद्यावधिक बेरुजु स्थिति (रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाँके | ५०४१८२ | ० | १८२२६६ | ३२१९१६ | २२५७३ | ४३०४३ | ३८७५३२ |

३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ५७ | राम मा. वि. परिसर भित्र चमेना गृह निर्माण : | ४२९९५७८ |

| | | | | |
|---|---|---|---|---|
| २ | २०८०/८१ | ५९ | पेश्की बाँकी : | १६८६५६३ |
| ३ | २०७९/८० | १०५ | स्वास्थ्य केन्द्रहरुमा नियमित तथ्यांक गुणस्तर लेखाजोखा तथा भेरीफिकेशन (RDQA) | ४०००० |
| ४ | २०७९/८० | १४५ | सामाग्री खरिद | २६२०८९३ |
| ५ | २०७९/८० | ३६ | सहलेखापाल नियुक्ति | १६८३५०० |
| ६ | २०७९/८० | ४४ | शिक्षक अनुदान | ३११८६६१० |
| ७ | २०७९/८० | १४७ | विशेष योजना | १५७२१९२ |
| ८ | २०७९/८० | ३९ | विद्युत महशुलमा जरिवाना | १९३२४२ |
| ९ | २०७९/८० | ५६ | लागत सहभागिताका योजना | ८४१२५० |
| १० | २०७९/८० | ७३ | लागत अनुमान तयार नगरी खरिद कार्य | ६५०००० |
| ११ | २०७९/८० | ७५ | मौरी घार खरिद | ५००००० |
| १२ | २०७९/८० | ९७ | महङ्गी भत्ता | २४००० |
| १३ | २०७९/८० | ६५ | फरक शिर्षकमा खर्च | २९२३५५३ |
| १४ | २०७९/८० | १०३ | पि डि ए रिपोर्ट | १४००० |
| १५ | २०७९/८० | ४० | तोकिएकोभन्दा फरक पदमा कर्मचारी नियुक्ती | १०२५४९० |
| १६ | २०७९/८० | ७४ | तरकारी बाली निरन्तरता | ७०९००० |
| १७ | २०७९/८० | ८० | चाडपर्व खर्च | १४९१९० |
| १८ | २०७९/८० | १३६ | गैरसरकारी संस्थालाई अनुदान | ४७४०४७ |
| १९ | २०७९/८० | १०२ | गैर सरकारी संस्था मार्फत कार्यक्रम सञ्चालन | १४०९१९० |
| २० | २०७९/८० | ७१ | खाता रोक्का | ४०३१०९० |
| २१ | २०७९/८० | १०७ | कोभिड १९ र अन्य महामारी रोगको रोगथाम | ४९३०० |
| २२ | २०७९/८० | ३१ | कवाडी कर | ३६६३१७ |
| २३ | २०७९/८० | ४६ | करार कर्मचारीलाई महङ्गी भत्ता | २४०००० |
| २४ | २०७९/८० | १०० | आ पि एम कृषक पाठशाला: | ५१२०० |
| २५ | २०७९/८० | १३७ | आन्तरिक लेखापरिक्षणको ब्यहोरा | ३७७९९६२ |

| | | | | |
|---|---|---|---|---|
| २६ | २०७९/८० | ३८ | अन्य कार्यालयको खर्च | १४०३८३७ |
| २७ | २०७८/७९ | ७९ | सोझौ खरिद | ३१,६५,८१० |
| २८ | २०७८/७९ | १०१ | विद्यालय भौतिक पूर्वाधार निर्माण | १३००००० |
| २९ | २०७८/७९ | ११० | ल्यापटप खरिद | ५३१९९२४ |
| ३० | २०७८/७९ | ८६ | बिल भरपाइ पेश नभएको | ७५८५ |
| ३१ | २०७८/७९ | ३९ | निकासा माग फारम | ८०५६ |
| ३२ | २०७८/७९ | ८५ | नाफामूलक तथा सहकारी संस्थामा लगानी | १९०९६८५ |
| ३३ | २०७८/७९ | १०२ | नन् फाईलर रहेको | ४६२२४२ |
| ३४ | २०७८/७९ | ९० | नगर बिकासको सिमानादेखि रोम सरको घरसम्म आर सि सि ढलान सम्बन्धमा | १३९१०८४ |
| ३५ | २०७८/७९ | ८० | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ७५२२००० |
| ३६ | २०७८/७९ | ८४ | उपभोक्ता समितिबाट मू अ कर बिजक पेश नभएकोमा मू अ कर भुक्तानि | ४८०८ |
| ३७ | २०७८/७९ | ७० | आन्तरिक लेखापरीक्षणबाट औल्याइएका बेरुजु | ३५५१११ |
| ३८ | २०७७/७८ | १६ | कर्मचारी करार | १४९९३००० |
| ३९ | २०७७/७८ | ७९.१ | आन्तरीक लेखापरीक्षण बाट कायम भएका बेरुजु | ४९९२२९८ |
| ४० | २०७७/७८ | ७९.२ | आन्तरीक लेखापरीक्षण बाट कायम भएका बेरुजु | ४८७१८४ |
| ४१ | २०७९/८० | ८० | पेश्की बाँकी | ४२३५२०९ |
| ४२ | २०७८/७९ | १५ | कर्मचारी करार | १०१३७५०४ |
| ४३ | २०७७/७८ | २९ | पदाधिकारी सुविधा | ११८८०० |
| | | | **जम्मा** | **११८३७८०००** |
| ४४ | ०७६।७७ | ४८ | अमानतबाटकार्य भएको अनियमित देखिएको रु | १६१९७११ |
| ४५ | ०७६।७७ | ३५ | कर्मचारीलाईटेलीफोन सुविधा दिएको अनियमित देखिएको | ९०००० |
| ४६ | ०७६।७७ | ३४ | स्वकियसचिव र कानूनी सल्लाहकारको तलव भत्ता भुक्तानी भएको अनियमित देखिएको | ७१७५२२ |
| ४७ | ०७६।७७ | १८ | कर्मचारीप्रोत्साहन भत्ता नियमित गर्नुपर्ने | १४२८००० |
| ४८ | ०७६।७७ | ७१ | नविननिर्माण सेवा को मु अ समायोजन पेश गर्नुपर्ने | १०१८७०६.८५ |

| | | | | |
|---|---|---|---|---|
| ४९ | ०७६।७७ | ४२ | वाटोगुणस्तर परिक्षण प्रतिवेदन पेश गर्नुपर्ने | २८५०० |
| ५० | ०७६।७७ | ९४/ पेश्की फछ्र्यौट | पुरुषोत्तम पोखरेल | ५००००० |
| | | | ऋषिराम धिताल | २४९७०० |
| | | | गिता चौधरी | ५८७२०० |
| | | | दामोदर सर्मा | १५०७०० |
| | | | प्रकास खत्री | २२०००० |
| | | | वखत व कार्की | २२४४०० |
| | | | मिन वहादुर वि क | ९२४०० |
| | | | लक्ष्मी विष्ट | १३७५०० |
| | | | स्याम व राना | ४५६५०० |
| | | | योनसेड | १९२००० |
| | | | योदन मिडिया | ५००००० |
| | | | सिद्धार्थ आ वि | ७८०००० |
| | | | ग्रिन कन्सल्टेन्सी | ६२४२१२ |
| | | | विराट खा पा उ स | ४००००० |
| | | | वागेश्वरी क्याम्पस भित्रको वाट पि सि सि उ स | १९४००० |
| | | | निबुवा चोक देखि पश्चिम जाने नालि निर्माण उ स | ८७३००० |
| | | | चटार मन्दिर देखि ने रा आ वि सम्म नालि निर्माण उस | ५८२००० |
| | | | पुष्प कुमारी वली | १०३५१०० |
| | | | अन्नत कुमार पौडेल | ८०००० |
| | | | गुणराज भट्ट | ७१५००० |
| | | | चन्द्र कुमारी तिवारी | ३४२१०० |
| | | | विश्व पौडेल | २०३५०० |
| | | | रमेस कुमार कँडेल | १६६१०० |

| | | | | |
|---|---|---|---|---|
| | | | सुवास चन्द्र यादव | ४२६८०० |
| | | | नर व महतरा | ५८०००० |
| ५१ | ०७५।७६ | ४७ | अपाङ्गछात्रवृत्ती वितरणको भर्पाई पेश गर्नुपर्ने | ७८००.०० |
| ५२ | ०७५।७६ | ४८ | विद्यालयमा अनुदान गएको प्रमाण कागजात पेश गर्नुपर्ने | ५००००.०० |
| ५३ | ०७५।७६ | २६ | मुअ कर समायोजन पेश गर्नुपर्ने रु | ९२६७०.२९ |
| ५४ | ०७५।७६ | २२ | डिपिआरको खरिद कार्य नियम संगत नभएको रु | ४९२४५४ |
| ५५ | ०७५।७६ | ४२.३ | सोझौ खरिद गरेको नियमित गर्नुपर्ने रु | ९९८६२६ |
| ५६ | ०७५।७६ | ५६/ पेश्की | गौतम निर्माण सेवा एण्ड सप्लायर्स | ५५०००० |
| | | | अनामिका कन्ष्टर्कसन | २५०००० |
| | | | राष्ट्रमुखि निर्माण सेवा | ६८५००० |
| | | | खाम्पाछे मजदुर जे भी | १०००००.०० |
| | | | खाम्पाछे मजदुर जे भी | १५०००० |
| | | | ऋषि कन्ष्ट्रक्सन | ३००००० |
| | | | प्रमोद कुमार विश्वकर्मा | १००००० |
| ५७ | ०७४।७५ | ६१ | पदाधिकारी स्विकिय सचिव को तलव भत्ता भुक्तानी भएको अनियमित | ५४८०४० |
| ५८ | ०७४।७५ | ५६.२ | प्रोत्साहनभत्ता भुक्तानी भएको नियमित गर्नुपर्ने रु | १९५२२३० |
| ५९ | ०७४।७५ | ४७ | आर्थिकसहायता नियमित गर्नुपर्ने रु | ८००००० |
| ६० | ०७४।७५ | ९६/ पेश्की | सेरव आली | ४२२०० |
| | | | चन्द्र व वुढा | १३५००० |
| | | | हेम कुमार रावत | २००००० |
| | | | वातावरण तथा ग्रामिण विकास केन्द्र | २००००० |
| | | | जय भवानी निर्माण सेवा | ५०००००.०० |
| ६१ | ०७४।७५ | ३८ | वढीतलव भुक्तानी | ६७१२.२० |
| ६२ | ०७४।७५ | ९९ ख | विरुवावितरणको भर्पाई पेश गर्नुपर्ने | ९००००.०० |

| | | | | |
|---|---|---|---|---|
| ६३ | ०७४।७५ | ९९ | भाडाकर कट्टी नभएको असुल गर्नुपर्ने रु | ४३२० |
| ६४ | ०७४।७५ | ५६.१/ असुल गर्नुपर्ने | बाल कृष्ण महतरा | ३३२९२ |
| | | | दिपा गुरुङ् | १३३६१ |
| | | | मनोज कुमार थारु | २३७७० |
| | | | करुणा विष्ट | ४८२० |
| | | | बालकृष्ण महतरा | ६६५८ |
| | | | डम्मर बहादुर वुढाथोकी | ४७९४ |
| | | | राजेन्द्र टमाटा | १२६६५ |
| | | | राजेन्द्र थारु | १२६६५ |
| | | | मनमाया काउछा | २८३४८ |
| | | | नारायण सर्मा | ३४२४९ |
| | | | दिनेस वहादुर डागी | १५७१७ |
| | | | सुमित्रा थारु | १७१२८ |
| | | | दिपक राज उपाध्याय | १३६८१ |
| | | | प्रकास खत्री | १२९४१ |
| | | | दिनेस वहादुर डाँगी | १०७६२ |
| | | | चक्र वहादुर साही | ५५१७ |
| | | | दिपक उपाध्याय | १८६८१ |
| | | | अग्नी प्रसाद आचार्य | २१२९८ |
| | | | दिपेस डाँगी र डम्मर वुढाथोकी | ३२०९८ |
| | | | दिनेस डाँगी | १५१४३ |
| | | | नर्मदा कुमारी रावत | २८७३९ |
| ६५ | | ११/ पेश्की | मनमायाकाउचा | ६००००० |
| | | | पुरुषोत्तम पोखरेल | ७००००० |

| | | | | |
|---|---|---|---|---|
| ६७ | २०७४।७५ | ५९ | उधोगवाणिज्य संघलाई मेला पर्व संचालन गर्न अनुदान दिएको नियम संगत नदेखिएको । | ३५०००० |
| ६८ | २०७४।७५ | २५ | पुर्वानुमानगर्न नसिकिएको प्राविधिक पुष्टयाइ पेश नगरी भेरीएसन गरेको नियम संगत नदेखिएको । | ४१४५३३ |
| ६९ | २०७४।७५ | ९७ | निम्नआय भएका बालवालिकाहरुको लागि सामाग्री खरिदको सक्कल विल पेश नभएको तथा अनुगमनप्रतिवेदन पेश नभएकोले नियमित नदेखिएको । | ५००००० |
| ७० | २०७४।७५ | ४५ | विभिन्नपदमा करारमा कर्मचारीहरु नियुक्ति भएकोतलब नियमसंगत नदेखिएको। | ३८९८०४० |
| ७१ | २०७५।०७६ | ४८ | सगरमाथाज्ञमाकुन्ज मा वि विद्यालयलाई अनुदान उपलब्ध गराउदा प्रस्ताव,अनुगमन लगायतकोप्रमाण पेश नभएको । | २००००० |
| ७२ | २०७५।०७६ | २३ | वोर्डीङपास र हवाइ टिकट पेश नगरेको मा प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने । | ३६०० |
| ७३ | २०७५।०७६ | १७ | पदाधिकारीलेस्वकिय सचिव र कानूनी सल्लाहकारी राखि भुक्तानी दिएको तलव भत्ता नियमित नदेखिएको। | ९२०७९० |
| ७४ | २०७५।०७६ | ५४ | लागतअनुमान भन्दा वढी दरमा सामाग्री खरिद भएको असुल गर्नुपर्ने । | १४८६६ |
| ७५ | २०७५।०७६ | ४६ | विद्यालयकोअनुगमन प्रतिवेद र लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले अनुदान रकम तोकिएकोशिर्षकमा खर्च भयो भनी एकिन गर्न सकिएन । | १३००००० |
| ७६ | २०७५।०७६ | ५४ | दर्तावालाफर्म वाट खरिद नभएको नियम संगत नभएको | १५०००० |
| ७७ | २०७५।०७६ | ५५ | तालिमसंचालन गर्दा कुन तहको कर्मचारीलाई तालिम दिएको हो तथा अन्य खर्च बापत भुक्तानीभएको रकम उद्देश्य स्पष्ट नभएको । | ४९७२०० |
| ७८ | २०७५।०७६ | ४० | उपभोक्ताकोयोगदान समावेश नगरी सम्पुर्ण रकम भुक्तानी भएको नियम संगत नदेखिएको । | ९००००० |
| ७९ | २०७५।०७६ | ३८ | भेरिएसनआदेश स्विकृत नगराइ थप कार्य गरेको नियम संगत नदेखिएको । | ८०७१२२ |
| ८० | २०७५।०७६ | १७ | पदाधिकारीकोस्वकिय सचिव तथा सल्लाहकार राखी वार्षिक तलव भत्ता भुक्तानी दिएको नियम संगतनदेखिएको । | ९२०७९० |
| ८१ | २०७५।०७६ | २८ | मेशिनरीऔजार,तथा फर्निचर खरिद कार्य पटक पटक गरी टुक्रा पारी सोझौ खरिद गरेको नियमसंगत नदेखिएको । | ७५०३९८७ |
| ८३ | २०७५।०७६ | १८ | हेल्पडेक्ससंचालनको लागी सोझौ परामर्श सेवा खरिद गरेको नियम संगत नदेखिएको । | ३०४८००० |

| | | | | |
|---|---|---|---|---|
| ८४ | २०७६।०७७ | ४३ | निर्माणकार्य सोझै खरिद गरेको नियम संगत नदेखिएको । | ९०९५५३९ |
| ८५ | २०७६।०७७ | १७ | विभिन्नपदमा करारमा ५४ कर्मचारीहरु नियुक्ति भएको तलब नियमसंगत नदेखिएको। | ६५००००० |
| ८६ | २०७६।७७ | ६६ | नमुनाविद्यालय भवनको सशर्त अनुदान वचत रहेको फिर्ता गर्नुपर्नेमा उपभोक्ता मार्फतचमेना गृह निर्माण गरेको नियम संगत नदेखिएको । | ५०१७३६५ |
| ८७ | २०७६।७७ | ३९ | शुरुठेक्का मा नै समावेश गर्न सकिने परिमाण भेरिएसन आदेश जारी गरी भुक्तानी भएकोनियम संगत नदेखिएको । | ८२७३८० |
| ८८ | २०७६।७७ | ३३ | न्यायिकसमितिका पदाधिकारीलाई थप सुविधा उपलब्ध गराएको नियम संगत नदेखिएको । | १५८८०० |
| | | | **कुल जम्मा** | **१८८२५२०४३.४३** |

**४. लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय बक्यौता | कार्यालयको नाम |
|---|---|
| आ व २०८०।८१ सम्म बक्यौता नभएको | कोहलपुर नगरपालिका बाँके |

# (८०५५७४०१३०० - कोहलपुर नगरपालिका, बाँके )

# कोहलपुर नगरपालिका , बाँके

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** कोहलपुर नगरपालिका संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको लुम्बिनी प्रदेशको बाँके जिल्लामा अवस्थित छ। नगरपालिकाको कुल क्षेत्रफल १८४.२६ वर्ग कि.मी. छ। कोहलपुर नगरपालिकाको पूर्वमा राप्तीसोनारी गाउँपालिका, पश्चिममा बैजनाथ गाउँपालिका, उत्तरमा सल्यान जिल्लाको चुरे पहाड श्रृंखला र दक्षिणमा जानकी गाउँपालिका र नेपालगञ्ज उपमहानगरपालिका पर्दछ। वि. स. २०७१ बैशाख २५ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम औपचारिक रुपमा साबिकको कोहलपुर गा.बि.स. र रझेना गा.बि.स. वि.सं. २०७१ ज्येष्ठ ७ मा गाभिएर यस कोहलपुर नगरपालिकाको स्थापना भएकोमा वि.सं. २०७३ मा समसेरगन्ज गा.बि.स.को केही भाग कोहलपुर नगरपालिकामा समायोजन भएको हो। कोहलपुर नगरपालिकामा कुल घरपरिवार २४,१८३ तथा कुल जनसङ्ख्या १०१,६६७ रहेको छ। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।१०।१५ देखि २०८१।१०।२० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय व्ययतर्फ रु. १४४१६७२७५३.७५ कारोबार रहेको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ

## २ सञ्चित कोषको अवस्था

**वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गतआ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | २५,५३,७६,३२४.२८ | २५,५३,७६,३२४.२८ | २४,८४,९०,४००.०४ | २४,८४,९०,४००.०४ |
| १३००० | अनुदान | ५२,१०,६०,३३५.२७ | ५२,१०,६०,३३५.२७ | ६५,२८,९९,३०१.०० | ६५,२८,९९,३०१.०० |
| १४००० | अन्यराजस्व | ४,२८,९२,३५०.७४ | ४,२८,९२,३५०.७४ | ४,१४,२५,७२७.९४ | ४,१४,२५,७२७.९४ |
| क | कुलजम्मा प्राप्ति | ८१,९३,२९,०१०.२९ | ८१,९३,२९,०१०.२९ | ९४,२८,१५,४२८.९८ | ९४,२८,१५,४२८.९८ |
| ३ | चालु | ५७,३५,२३,८३२.४७ | ५७,३५,२३,८३२.४७ | ६०,४७,७१,२९०.३४ | ६०,४७,७१,२९०.३४ |
| २१००० | पारिश्रमिक / सुविधा | २४,८६,००,४०२.०८ | २४,८६,००,४०२.०८ | ११,८०,०५,९४५.१२ | ११,८०,०५,९४५.१२ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | ३२,२७,९०,१३२.३९ | ३२,२७,९०,१३२.३९ | ४७,७९,७१,११७.२२ | ४७,७९,७१,११७.२२ |
| २५००० | सहायता (Subsidy) | ० | ० | ६,००,०००.०० | ६,००,०००.०० |
| २६००० | अनुदान | ० | ० | ४९,९९,१४८.०० | ४९,९९,१४८.०० |
| २७००० | सामाजिकसुरक्षा | १५,१५,२९८.०० | १५,१५,२९८.०० | २४,०४,२७०.०० | २४,०४,२७०.०० |
| २८००० | अन्यखर्च | ६,१८,०००.०० | ६,१८,०००.०० | ७,९०,८१०.०० | ७,९०,८१०.०० |
| ४ | पूंजीगत | २७,७८,७५,५६७.१४ | २७,७८,७५,५६७.१४ | ३९,८१,२२,९१९.५३ | ३९,८१,२२,९१९.५३ |
| ३१११० | भवनतथा संरचना | ५,३९,८७,७१४.०० | ५,३९,८७,७१४.०० | ८,५७,४७,०२६.०० | ८,५७,४७,०२६.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २,५५,५१,३०२.०० | २,५५,५१,३०२.०० | १,९५,७७,१५४.०० | १,९५,७७,१५४.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | ३,०१,३५०.०० | ३,०१,३५०.०० | १२,६९,४९९.०० | १२,६९,४९९.०० |
| ३११५० | सार्वजनिकनिर्माण | १९,७४,२०,१३३.१४ | १९,७४,२०,१३३.१४ | २९,१५,२९,२४०.५३ | २९,१५,२९,२४०.५३ |
| ३११७० | पूँजीगतसुधार खर्च | ६,१५,०६८.०० | ६,१५,०६८.०० | ० | ० |
| ख) | कुलजम्मा भुक्तानी | ८५,१३,९९,३९९.६१ | ८५,१३,९९,३९९.६१ | १,००,२८,९४,२०९.८७ | १,००,२८,९४,२०९.८७ |
| ग) | बचत /कमी (ग = क-ख ) | (३,२०,७०,३८९.३२) | (३,२०,७०,३८९.३२) | (६,००,७८,७८०.८९) | (६,००,७८,७८०.८९) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -) | (३३,२६,३५३.४२) | (३३,२६,३५३.४२) | (३,५५,३९,३३९.८२) | (३,५५,३९,३३९.८२) |
| घ.१) | कट्टीरकम | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | भुक्तानी/ दाखिला गर्न बाकी | | | | |
| ङ) | यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | (३,५३,९६,७४२.७४) | (३,५३,९६,७४२.७४) | (९,५६,१८,१२०.७१) | (९,५६,१८,१२०.७१) |
| च) | गतआ.व.को नगद तथा बैंक मौज्दात | १६,३१,२८,९६४.१६ | १६,३१,२८,९६४.१६ | २५,८७,४७,०८४.८७ | २५,८७,४७,०८४.८७ |
| छ) | विनिमयनाफा/ घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १२,७७,३२,२२१.४२ | १२,७७,३२,२२१.४२ | १६,३१,२८,९६४.१६ | १६,३१,२८,९६४.१६ |

संघीय सरकार र प्रदेश सरकार तर्फको **C-GAS** मार्फत भएको आय र व्ययको विवरण निम्नानुसार रहेको छ।

| **क्र.सं.** | **कार्यक्रम** | **अन्तिम बजेट** | **निकाशा** | **खर्च** |
|---|---|---|---|---|
| १. | सामाजिक सुरक्षा तथा संरक्षण | २५३२७०००० | २५०५११२३१.४२ | २५०५११२३१.४२ |
| २. | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २१५७६००० | ३५६४३२५ | ३५६४३२५ |
| ३. | सामाजिक विकास कार्यक्रम | ३७५००० | ३३१९०० | ३३१९०० |
| ४. | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २४८५६००० | २३१८९९१५.४० | २३१८९९१५.४० |
| ५. | बाल विकास कार्यक्रम | २५००००० | २४१९६१५ | २४१९६१५ |
| ६. | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | ८९०००० | ८२६८२४ | ८२६८२४ |
| ७. | स्थानिय तह प्रशासकीय पूर्वाधार विकास कार्यक्रम | ३०००००० | ३०००००० | ३०००००० |
| **जम्मा** | | **३०,६४,६७,०००** | **२८,३८,४३,८१०.८२** | **२८,३८,४३,८१०.८२** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

**३ वित्तीय विवरणको यथार्थता:**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरणले स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २५०५११२३१.४२, राष्ट्रपती महिला शसक्तिकरण परियोजनाको रु. ८२६८२४, स्थानिय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमा रु. ३००००००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु. २३१८९९१५.४०, एकिकृत स्वास्थ्य पुर्वाधार कार्यक्रममा रु. ३५६४३२५, सामाजिक विकास कार्यक्रममा रु. ३३१९०० र बालविकास कार्यक्रममा रु. २४१९६१५ गरी जम्मा रु २८३८४३८१०.८२ एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकाको सबै आर्थिक कारोबार समावेश हुने गरी वित्तीय विवरण तयार हुने व्यवस्था मिलाउनु पर्दछ।

**४ आन्तरिक नियन्त्रण प्रणाली:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ मा स्थानीय तहले प्रचलित कानून बमोजिम आ-आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी कार्यान्वयन गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छन :

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।

- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको लागि गरेका प्रयासको अभिलेख राखेको छैन।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको पाइयो।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने भएका अनुगमन प्रतिवेदनहरुको समेत कार्यान्वयन गरेको देखिने अभिलेख राखेको छैन।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले प्रचलित कानून बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार एवं कार्यान्यन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ।

५ **योजना तथा वजेट कार्यान्वियनः**

योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन :

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श सेवा लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले यस आ.व.मा रु. २७ करोड २८ लाखको खरिद कार्य खरिद गुरुयोजना बेगर गरेको छ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८० को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.११ करोड ७९ लाख ९८ हजार विभिन्न मितिमा रकमान्तर गरेको छ। उक्त रकमान्तर बजेटको तुलनामा १०.३० प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन।

६ **योजनाको प्राथमिकरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास आदिमा प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ८ वडाको लागि वडागत र पालिकास्तरका पूँजीगत तर्फ २३१ योजनामा बजेट विनियोजन गरेको छ।

| **क्र.म.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु. २० लाख माथिका योजना सङ्ख्या** | **रु. ५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु. ५ लाख भन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १ | पालिका स्तर | ४३ | १५ | २८ | ० |
| २ | वडा स्तर | २५६ | ० | ८४ | १२९ |
| | **कुल** | **२३१** | **१५** | **११२** | **१२९** |

उपर्युक्त विवरण अनुसार पालिकाले साना एवं वितरणमुखी योजनाहरुमा बजेट विनियोजन र कार्यान्वियन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट लक्षित प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। यो वर्ष नगरसभाले पारित गरेका उल्लेखित योजना मध्ये २२० योजना कार्यान्वियन भई ११

योजना भने कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले प्रतिफलमुखी र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरुमा बजेट विनियोजन गरी कार्यान्वयनमा प्राथमिकता दिनुपर्दछ।

### ७ प्रगतिः

आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३५मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक निकायले तोकिएको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने र नियम ३६ मा उक्त प्रगति विवरणको भौतिक र वित्तीय पक्षयको निकायगत समिक्षा गरी कम प्रगति भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त व्यवस्था बमोजिम त्रैमासिक प्रगति विवरण तयार गरी प्रगतीको भौतिक एवै वित्तीय पक्षको समिक्षा गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा त्रैमासिक एवं वार्षिक प्रगति तयार नगर्ने अधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।
कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम रहेको छ :

| कार्यक्रम संख्या | वार्षिक प्रगती | | | | |
|---|---|---|---|---|---|
| | शून्य प्रगती | २५ प्रतिशत सम्म | ५० प्रतिशत सम्म | ७५ प्रतिशत सम्म | ७५ प्रतिशत भन्दा माथी |
| २३१ | ११ | ५ | २० | १७ | १७८ |

उपरोक्त विवरण अनुसार ११ योजनाको प्रगती शुन्य रहेको छ भने ५ योजनाको प्रगती २५ प्रतिशत भन्दा कम रहेको छ। जग्गा विवाद, वर्षाद, अनुदानमा कटौटी, श्रोत अभाव जस्ता कारणले योजनाको कार्यान्वियन हुन नसकेको पालिकाको भनाई रहेको छ। पालिकाले लक्ष्य बमोजिम श्रोतको प्रबन्ध गरी निर्धारित कार्यक्रम तथा योजनाहरु तोकिएको समयमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

### ८ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको सन्तुलित, समावेशी एवं दीगो विकासका लागि क्षेत्रगत रुपमा सन्तुलित बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ :

| क्र.सं | क्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,३६,६५,००० | २,६१,४९,६३२ | ५९.८९ |
| २ | सामाजिक विकास | ४४,४३,६६,६६३ | ३६,८९,०६,२०४ | ८३.०२ |
| ३ | पूर्वाधार विकास | ३९,५७,२४,४५३ | २५,३०,२९,६८५ | ६३.९४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,६८,५०,००० | १,३५,७१,२३२ | ५०.५४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २३,४६,५८,१७९ | १८,९७,४२,६४५ | ८०.८६ |
| **जम्मा** | | **१,१४,५२,६४,२९५** | **८५,१३,९९,३९९** | **७४.३४** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा ८३.०२(बढी) प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ५०.५४(घटी) प्रतिशत बजेट विनियोजन भएको छ।

### ९ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाको चालु आ.व.को त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ :

| रु.हजारमा | | | | | | |
|---|---|---|---|---|---|---|
| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पूँजिगत खर्चतर्फ | २७७८७५ | २५९८३ | ७८४६४ | ७१२९३ | १०२१३३ | ५८०२३ |
| प्रतिशत | ६४.९३ | ९.४ | २८.२४ | २५.६६ | ३६.७६ | २०.८८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. २७ करोड ७८ लाख ७५ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. २ करोड ५९ लाख ८३ हजार(९.४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ७ करोड ८४ लाख ६४ हजार (२८.२४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ७ करोड १२ लाख ९३ हजार (२५.६६ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १० करोड २१ लाख ३३ हजार अर्थात ३६.७६ प्रतिशत खर्च गरेको देखिएको छ। त्यस्तै असार महिनामा मात्र रु. ५ करोड ८० लाख २३ हजार(२०.८८ प्रतिशत) खर्च देखिनुले असार महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१० **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र दिगो, सन्तुलित एवं समावेशिक विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। आवधिक योजना बनाएता पनि पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई प्राथमिकता दिनुपर्नेमा दिवस मनाउने, सम्मान कार्यक्रम, चाडपर्व लक्षित कार्यक्रम जस्ता सालबसाली विषयहरुलाई समेत समावेश गरेको देखिन्छ। स्थानीय तहको दिगो, सन्तुलित एवं समावेशी विकासका लागि पालिकाले आवधिक योजनाको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

११ **कार्यक्रम संशोधन :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वियन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नुपर्ने अवस्था भएमा कार्यक्रम सम्पन्न गर्न नसक्नुको कारण तथा नयाँ कार्यक्रम सञ्चालन गर्नुपर्ने आधार उल्लेख गरी कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था छ । कार्यपालिकाले गाउँसभाबाट स्वीकृत भएको बजेट तथा कार्यक्रम संशोधन गर्दा वा रकमान्तर गर्दा कानुनबमोजिम साविकको कार्यक्रम गर्न नसक्नुको कारण र नयाँ कार्यक्रम गर्नुपर्नाको कारण सहित संशोधन गरेको छैन। नयाँ योजना कार्यान्वियन गर्दा समेत नयाँ योजना सञ्चालन गर्नुपर्ने कारण समेत उल्लेख गरेको छैन। कानूनमा भएको व्यवस्था बमोजिम कार्यक्रम संशोधन गर्दा वा नयाँ योजना सञ्चालन गर्नुपर्नाको कारण उल्लेख गरी कार्यान्वियन गर्नुपर्दछ। पालिकाले निम्न कार्यक्रममा कार्यक्रम संशोधन तथा रकमान्तरबाट बजेट थप गरेको भएतापनि ती कार्यक्रमहरु कार्यान्वियन गरेको छैन। कार्यक्रम कार्यान्वियन योजना तथा पूर्व-तयारी बिना नै बजेट कार्यक्रम संशोधन एवं रकमान्तर गर्ने पदाधिकारीहरुलाई जिम्मेवार बनाउनु पर्दछ।

| क्र.स. | योजना तथा कार्यक्रम | शुरु बजेट | रकमान्तमा थप | जम्मा बजेट रु | खर्च रु |
|---|---|---|---|---|---|
| १ | कृष्ण मा वि टेकान्डो तालिम हलको स्तरोन्नती तथा खेलकुद सामाग्री खरिद | ० | ६००००० | ६,००,००० | ० |
| २ | जनजागरण आमा समुह भवन निर्माण | ० | २,००,००० | २,००,००० | ० |

१२ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष चालु तर्फ रु. ५७३८२३८३२ र पूँजीगत तर्फ रु २७७८७५५६७ गरी जम्मा रु ८५१३९९३९९ खर्च गरेको छ । पालिकाको कुल खर्चमा आन्तरिक आयको हिस्सा १०.२८ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त गरेको सबै अनुदान र राजस्व

बाँडफाँडको रकम मध्येबाट ६७.४ प्रतिशत चालु र ३२.६ प्रतिशत मात्र पूँजी निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाल प्रशासनिक कार्यमा बढी र विकास निर्माण/पूँजी निर्माणमा न्युन खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा पूँजी निर्माण हुने उत्पादनमूलक क्षेत्रमा परिचालन गरिनुपर्दछ।

१३ **सेवाप्रवाहको स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था रहेको छ । यस पालिकाबाट वितरण भएका सेवा निम्न वमोजिम रहेका छन्।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ३२७ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १३६३२ |
| मृत्युदर्ता | ३२१४ |
| बसाईसराई दर्ता | ८५५१ |
| विवाह दर्ता | ६२९६ |
| सम्बन्धविच्छेद दर्ता | ४५६ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ३.०४ कि मि |
| सडक पक्की नालि निर्माण | ११.३८ कि मी |
| ग्राभेल सडक निर्माण तथा मर्मत | १९.९२ कि मी |

१४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय शासन, विकास र सेवा प्रवाहको प्राथमिकीकरणका लागि तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा आधारभूत तथ्याङ्क संकलन तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनुपर्दछ।

१५ **संचालन नभएका कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३६ मा नियम ३५ बमोजिम तयार पारिएको त्रैमासिक प्रगति विवरणको भौतिक र वित्तीय पक्षयको निकायगत समिक्षा गरी कम प्रगति भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। पालिकाले समयमा बजेट प्राप्त नहुनु तथा जनशक्ति अभाव जस्ता कारणले यस वर्ष प्राप्त सशर्त बजेट मध्ये देहाय लगायतको कार्यक्रमहरु नगरी बजेट रकम फ्रिज गरेको छ। वार्षिक रुपमा विनियोजित रकम समयमै तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलव्धि हाँसिल नहुने हुँदा तोकिए अनुसारको कार्यक्रम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| क्र.स. | कार्यक्रम | बजेट विनियोजन रु. |
|---|---|---|
| १ | रोजगारी सिर्जना | २२८९००० |
| २ | महिला लक्षित रोजगारीका लागी तयारी क्लव संचालन | ६००००० |
| ३ | दिगो वन व्यवस्थापन, वृक्षारोपण | २४,१२,००० |
| ४ | National LF elimination Program | ९,७०,००० |
| ५ | अपाङ्ग भएका व्यक्तीको लागी कृतिम हातखुट्टाको आवश्यकता पहिचान तथा सेवा उपलब्ध | १०,००,००० |
| ६ | पोषण संवेदनशील कार्यक्रम | १,५०,००० |

१६ **मापदण्ड, कार्यविधि बेगर कार्यक्रमः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ मा स्थानीय तहले आफ्नो काम कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार ऐन, कानुन, नीति, योजना, मापदण्ड र कार्यविधि बनाई लागु गर्न सक्ने व्यवस्था छ। तर पालिकाले निम्न कार्यक्रमहरु ऐन, कानुन, नीति, योजना, मापदण्ड र कार्यविधि नबनाई सञ्चालन गरेको छ। यसरी कार्यविधि नबनाई कार्यक्रम सञ्चालन गर्दा कार्यक्रममा एकरुपता एवं मितव्ययिता कायम नहुने, दोहोरोपन कायम हुने, स्रोतको उत्पादनमुलक उपयोग नहुने हुन्छ। पालिकाले कार्यविधि तथा मापदण्ड बनाएर मात्र यस्ता कार्यक्रम सञ्चालन गर्नु पर्छ। पालिकाले कार्यविधि एवं मापदण्ड नबनाई सञ्चालन गरेका कार्यक्रमहरु निम्न छन्:

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | मागमा आधारित सीप विकास तालिम | १५,००,००० | १३,५७,२३२ | ९०.४८ |
| २ | भईरहेको उद्यमीको स्तरउन्नती/प्रविधि हस्तान्तरण मेड मेडल बमोजिम भई रहेको उद्यमीको स्तरोन्नती | ५,००,००० | ७०,००० | १४. |
| ४ | स्थानीय उत्पादन/उपभोग प्रवर्द्धन अभिवृद्धि कार्यक्रम | २,००,००० | २,००,००० | १००. |
| ५ | स्थानिय सहकारी पर्यटन र अन्य संघ संस्थासँग उत्पादन स्वरोजगार तथा प्रवर्द्धनात्मक कार्यक्रममा साझेदारी/सहयोग | ९,५०,००० | ३,९६,८७५ | ४१.७८ |
| ७ | नयाँ उद्यमी सृजना मेड मोडल बमोजिम | १९,००,००० | १३,३९,७१० | ७०.५१ |

१७ **बजेट अवण्डाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा बजेट अबण्डा नराखी आय-व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष म्याचिङ्ग फणडमा रु. ३ करोड ५० लाख र भैपरी आउने चालु र पूँजीगत तर्फ रु. ९७ लाख गरी जम्मा रु. ४ करोड ४७ लाख बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट विभिन्न योजनामा रु. ३ करोड ९३ लाख ५१ हजार खर्च गरेको छ। यसरी अबण्डा बजेट राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्दा प्रचलति कानून पालना भएको पाइएन। प्रचलित कानूनको पालना नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ। पालिकाले अबण्डा बजेट राखी कार्यापालिकाको निर्णयबाट कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | राजमार्ग जोड्ने सडक वडा नं २,३,१०,११ | १४,४८,४११ |
| २ | रेसिङ्ग सहारा क्लव लाई गोल्डकप कार्यक्रम संचालन खर्च | १०,००,००० |
| ३ | खोप कार्यक्रम संचालन | २७,४०० |
| ४ | वस पार्क खानेपानी तथा झ्यालमा ग्रिल निर्माण | ९,२३,३३३ |
| ५ | १४ नं वडाको पशु सेवा केन्द्रको भवन पाटेसन निर्माण | ३,०६,८१८ |
| ६ | राम मा वि को व्यवसायिक सटर अगाडीको माटो पटान | ३,२९,५०२ |
| ७ | कलर प्रिन्टिर खरिद | १,४७,९९९ |

## १८ कानूनी सल्लाहकार :

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले तोकिएको बाहेक सुविधा लिन नपाउने व्यवस्था गरेको छ। स्थानीय तहले स्वकीय सचिव/ प्रेस सल्लाहकार तथा कानूनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ। नगरपालिकाले यस वर्ष कानूनी सल्लाहकार राखी रु ६,००,००० खर्च गरेको नियम संगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,००,००० |

## १९ कानून निमर्ण तथा विवाद समाधान

१९.१ **कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। यसको लागि स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएको छ। यस पालिकाले हालसम्म ३५ वटा ऐन, १६ वटा नियमावली, १३८ कार्यविधि लगायत १८९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। निर्मित कानूनको कार्यान्वयनको अवस्था अनुगमन गरी अद्यावधिक गर्नुपर्दछ।

१९.२ **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १८ र यो वर्ष थप भएको २७ गरी कुल ४५ विवाद दर्ता भएकोमा २२ वटा मात्र फर्स्यौट भई पारिवारिक मामिला, बाटो निकास सम्वन्धी, घरजग्गा सम्वन्धी, आर्थिक लेनदेन, ज्यालामजदुरी लगायतका प्रकृतीको २३ मुद्दा फछ्यौट गर्न बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २० सहकारी नियमनः

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका ७१ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा ८ वटा सहरकारीको मात्र विवरण दाखिला गरेको पाइयो । त्यसैगरी पालिकाबाट सबै सहकारीको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे

अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२१ **कर्मचारी व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. १,६१,००,६८३ भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत प्रमुख पदहरुमा समेत करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| क्र. स | पद | संख्या | वार्षिक तलब भत्ता |
|---|---|---|---|
| १ | मेडिकल अधिकृत | २ | १२,६७,१६२ |
| २ | सहायक पाचौ स्वास्थ्य | १४ | ६३,२०,८६० |
| ३ | सहायक चौथो स्वास्थ्य | १५ | ६४,१५,८९० |
| ४ | सहायक चौथो प्रशासन पालिका र वडा तर्फ गरी | २ | ८,५५,४५२ |
| ५ | सहायक चौथो अमिन | २ | ८,५५,४५२ |
| | जम्मा | ३६ | १,५७,१४,८१६ |

| | |
|---|---|
| अनियमित भएको | १,५७,१४,८१६ |

२२ **तलबी प्रतिवेदन :**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ| पालिकाले यस वर्ष सभावाट तलबी प्रतिवेदन पास गरी विभिन्न कर्मचारीको रु. ४ करोड ६० लाख ६९ हजार तलब खर्च लेखेको छ। पालिकाको सभालाई तलबी प्रतिवेदन पारित गर्ने अधिकार कानूनमा उल्लेख छैन। पालिकाले सम्वन्धित निकायबाट तलबी प्रतिवेदन पारित गर्ने गराउने व्यवस्था मिलाउनु पर्दछ।

२३ **करार कर्मचारीलाई महंगी भत्ता :**

सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४/०१/२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४/०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्नहुन निर्देशन गरेको छ । पालिकाले कार्यपालिकाको निर्णय गरी करार तर्फका देहाय बमोजिम १०७ जना कर्मचारीलाई महङ्गी भत्ता बापत यस वर्ष रु. १२,७८,००० खर्च लेखेको छ। यसरी परिपत्र विपरित कार्यपालिकाद्वारा निर्णय गरी खर्च गर्दा पालिकालाई थप व्ययभार पर्न गएको रकम असुली हुनुपर्ने रू.

**(विस्तृत विवरण बेरूजु दफा २३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,८४,००० |

२४ **आन्तरिक राजस्व आम्दानी :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले गत वर्षको तुलनामा आन्तरिक आय तर्फ ७९.५१ प्रतिशत वृद्धि गरे तापनी आर्थिक वर्ष २०८०।०८१ मा पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत रु. १३२८००१९८ प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. ८,७५,०७,८७४ अर्थात अनुमानको तुलनामा ६५.८९ प्रतिशत मात्र संकलन भएको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ।

| सि नं | राजस्वको नाम | २०७९।०८० को असुली | २०८०।०८१ को अनुमान | २०८०।०८१ को असुली |
|---|---|---|---|---|
| १ | सम्पती कर | ४९,०१,१८९.७२ | २,५०,००,०००.०० | ८९,७२,१२९.१२ |
| २ | भुमिकर/मालपोत | | ०.०० | ९२,४७,९९२.८६ |
| ३ | अन्य अचल सम्पत्तीमा लाग्ने अन्य कर | | ०.०० | १४,७५०.०० |
| ४ | वहाल कर | ६२,०००.०० | १,१५,००,०००.०० | १,६८,७२,०८६.४८ |
| ५ | वहाल विटौरी कर | १,४२,०६,८१३.२८ | १,००,००,०००.०० | ५१,३०,८१५.०० |
| ६ | सवारी साधन कर (साना सवारी) | | ०.०० | १,५९,५००.०० |
| ७ | अन्य कर | | ०.०० | ४७,८०,७८१.३१ |
| ८ | अन्य निकायबाट प्राप्त ब्याज | | ०.०० | ९००.०० |
| ९ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | | ४,००,००,०००.०० | ३८,८३,४९३.३६ |
| १० | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | | ०.०० | २,०००.०० |
| ११ | अन्य बिक्रीबाट प्राप्त रकम | ४,९४,८०७.६५ | ५,००,०००.०० | ४,१९,३३७.८७ |
| १२ | अन्य सेवा शुल्क तथा बिक्री | १२,२६,४०६.५६ | १०,००,०००.०० | ४,१३,४४८.९५ |
| १३ | न्यायिक दस्तूर | | ०.०० | २००.०० |
| १४ | अन्य प्रशासनिक सेवा शुल्क | | ०.०० | ५,२४,०००.०० |
| १५ | नक्सापास दस्तुर | १,८१,५६,५४६.५३ | १,५०,००,०००.०० | १,५१,७५,५६८.३६ |
| १६ | सिफारिश दस्तुर | १,७४,०५०.०० | ६०,००,०००.०० | ६१,९६,५५९.९२ |
| १७ | व्यक्तिगत घटना दर्ता दस्तुर | | ३,६७,५००.०० | ३,०१,१९७.०० |
| १८ | नाता प्रमाणित दस्तुर | | १,५७,५००.०० | २,०३,२३०.०० |
| १९ | अन्य दस्तुर | २१,५५,४९२.४२ | ४२,००,०००.०० | ४२,४९,०२३.९१ |
| २० | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १२,०३,१०२.०० | १,००,००,०००.०० | ५५,४००.०० |
| २१ | अन्य क्षेत्रको आय | | ८३,२९,६९७.९८ | ०.०० |
| २२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | २,१०,०००.०० | ३०,९४,१६४.०१ |
| २३ | अन्य राजस्व | २,२०,१९४.४० | ५,३५,५००.०० | ३,८२,४६०.६२ |
| २४ | व्यवसाय कर | | ०.०० | ७४,२८,८३५.०० |
| | **जम्मा** | **४,८७,४७,९५३** | **१३,२८,००,१९८** | **८,७५,०७,८७३** |

२५ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयको पक्षेपण र सोको सन्तुलित वितरणको खाका एवं बजेट सीमा निर्धारण गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | अन्य आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|---|
| ५२१०६०३३५ | ८७५०७८७३ | २३८६०३८४० | १०.३२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १०.३२ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२६ **धरौटी रकम राजस्व दाखिला :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को नियम ६७(१) मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पूरा भई प्रचलित कानून बमोजिम वा करारको शर्तनामा बमोजिम धरौटी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने भएमा जिम्मेवार व्यक्तिले प्रचलित कानून वा करारको शर्तनामामा म्याद तोकिएकोमा सोही म्याद भित्र र म्याद नतोकिएको भएमा तीस दिनभित्र निर्णय गरी दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले कोहलपुर बसपार्क भित्रको सटर तथा पसल कबलहरु विभिन्न मितिमा क्रमश: A1 देखि A29 सम्म र B1 देखि B30 सम्मका सटरहरु बोलकबोलमा प्रतिस्पर्धात्मक विधिबाट छनोट भई बाहालमा लगाएको देखिन्छ। पसल कबल सञ्चालकहरुले पसल सञ्चालन गर्न नसकिने भनि सटरहरु बन्द गरी नियमित रुपमा बहाल बुझाउन छाडेकोले कोहलपुर नगरपालिकाको कार्यपालिकाको निर्णय बमोजिम सम्झौता रद्द भएको देखिन्छ। पालिकाले सम्झौता रद्द भएका देहाय बमोजिमका पसलहरुको धरौटी जफत गरी स्थानीय सञ्चित कोषमा दाखिला गरी आम्दानी बाध्नु पर्नेमा लेखापरीक्षणको अवधिसम्म पनि उक्त धरौटी रकम स्थानीय सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले सो रकम स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा २६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,३४,६१८.६२ |

२७ **श्रोत नखुलेको धरौटी :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको निमय ६८ मा कस्ले के कारणले धरौटी राखेको हो भन्ने स्पष्ट नभई बैक खातामा रहेको धरौटी रकम पालिकाले राजश्व खातामा आम्दानी वाध्नुपर्ने व्यवस्था छ। पलिकाको व्यक्तिगत गोश्वारा धरौटी खाता परीक्षण गर्दा नाम नखुलेको धरौटी १७,९१,७७५ रहेको छ। उक्त धरौटी रकम कानून बमोजिम नामनामेशी खुलाई स्रेस्ता अध्यावधिक गर्नुपर्न अन्यथा राजस्व खातामा आम्दानी बाध्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,९१,७७५ |

२८ **जरिवानाः**

कोहलपुर नगरपालिका र बागेश्वरी यातायत व्यबसायी प्रा.लि. कोहलपुर ११ बाँके बीच भएको मिति २०८०।०३।०३ मा मिति २०८० साउन १५ देखि लागू हुने गरी भएको सम्झौतामा दोस्रो पक्षले पालन गर्नुपर्ने शर्तको बुदाँ नम्बर १० मा निर्धारित समयमा बहाल रकम नबुझाएमा कार्यविधि बमोजिम जरिवाना लाग्ने तथा सो जरिवाना रकम धरौटीबाट समेत कट्टा गर्न सकिने व्यवस्था रहेको छ। त्यस्तै कोहलपुर बसपर्क व्यवस्थापन(दोस्रो संशोधन) कार्यविधि, २०८० को परिच्छेद ९ को बुँदा नम्बर "घ" मा मासिक रकम बुझाई सक्ने समय सीमा भित्र रकम सम्बन्धित पक्षले नगरपालिकामा नबुझाएमा मासिक बुझाउनु पर्ने रकमको दैनिक ०.०५ प्रतिशत प्रतिदिनको हिसाबले थप जरिवाना लाग्ने व्यवस्था छ। त्यस्तै बुँदा नम्बर "छ" दोस्रो पक्षले भाडा बुझाउँदा महिना भुक्तान भएको मितिले १५ दिनभित्र बुझाई सोको निस्सा लिई सक्नुपर्नेछ। सो अवधि भित्र रकम नबुझाएमा १६औ दिनदेखि प्रतिदिनका हिसाबले जरिवाना लाग्ने व्यवस्था छ। बागेश्वरी यातायात व्यबसायीले समयमा नबुझाएको रु.६७००० जरिवाना तपसिल बमोजिम असुल हुनु पर्ने रु.

| क्र.स. | बुझाउनु पर्ने मिति | बुझाएको मिति | रकम | ढिला बुझाएको दिन | जरिवाना रकम रु. |
|---|---|---|---|---|---|
| १ | २०८१।०४।३० | ५/४/२०८१ | १०००००० | ६ | ३००० |
| २ | २०८१।०४।३० | ६/९/२०८१ | १०००००० | ४१ | २०५०० |
| ३ | २०८१।०४।३० | ८/२५/२०८१ | १०००००० | ८७ | ४३५०० |
| **जम्मा** | | | | | **६७०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,००० |

२९ **सामुदायिक वनको आयः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्र रहेका २० सामुदायिक वनको अभिलेख राखी वन पैदावर बिक्री वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन।

३० **बेरुजु सम्परीक्षण कर्मचारी :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ अनुसार प्रारम्भिक लेखापरिक्षण प्रतिवेदन जारी भएको ३५ दिन भित्र बेरुजु फर्छयौंट गरी सम्परीक्षण गराउनुपर्ने, बेरुजु फर्छयौंट गर्ने जिम्मेवारी जिम्मेवार व्यक्ति र आर्थिक कारोबार गर्ने पदाधिकारीको हुने व्यवस्था छ। त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८, ८९ र ९० अनुसार चौमासिक कार्य योजना बनाई बेरुजु फर्छयौंट गर्ने व्यवस्था रहेका छन। ति व्यवस्था अनुसार तोकिएको अधिकारीले समयमा फछ्यौंट नगरी बेरुजुको आकार बढाउदै लैजाने तथा उल्लेखित पदाधिकारीले गर्ने कामको लागि करारको परिधि बाहिर गई दरवन्दी बेगर मासिक रु ४५,८८१ का दरले पारिश्रमिक भुक्तानी गर्ने गरी १ जना वेरुजु फछ्यौंट अधिकृतको रुपमा खिम बहादुर खत्री क्षत्रीलाई बेरुजु फछ्यौंट गर्न वार्षिक रु ५,९६,४५३ भुक्तानी गर्ने गरी नियुक्ती गरेको छ। पालिकाले आर्थिक वर्ष ०८०।८१ मा बेरुजु सम्परीक्षण कर्मचारीको मासिक सेवा सुविधा रु. ५,९६,४५३ भुक्तानी दिन बाँकी राखेको छ। पालिकाले निजलाई हटाई थप व्ययभार पर्नबाट नियन्त्रण गर्नुपर्दछ।

३१ **यन्त्र उपकरण सञ्चालनः**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ। पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्को तर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन। पालिकाले उपकरण सञ्चालन सम्बन्धी कुनै कार्यविधि समेत तयार गरेको छैन। यसरी कार्यविधि बेगर यन्त्र उपकरण सञ्चालन गरी प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लाभ लागत विश्लेषण समेत गर्नुपर्दछ।

| उपकरणको नाम | इन्धन खपत | जनशक्ती लागत | मर्मत लागत | जम्मा खर्च | आय | घाटा |
|---|---|---|---|---|---|---|
| ट्याक्टर | ६५३२० | ३१९२०० | १३११७४ | ५१५६९४ | ० | ५१५६९४ |
| दम्कल | ६३९०० | ३५६७३६ | १५९०५६ | ५७९६९२ | ० | ५७९६९२ |
| ट्रिप्पर | १८७४४० | ३५६७३६ | ११००४९ | ६५४२२५ | ० | ६५४२२५ |
| सेफ्टी ट्याङ्की सफाई | १५३४५० | ३५१७१८ | २०७००० | ७१२१६८ | ३४००० | ६,७८,१६८ |

३२ **जिन्सी निरीक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

३३ **आर्थिक सहायताः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(८) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको कार्यक्षेत्रमा कानून, मापदण्ड बनाएर लागू गर्न सकिने व्यवस्था छ।पालिकाको १३ औ नगर सभाको नीति तथा कार्यक्रमको पेज १०२ मा विपन्न असहाय, अनाथको स्वास्थ्य उपचार सहित आर्थिक सहयोग माग गर्न आउने व्यक्तीहरुलाई अवस्था अनुसार सहयोग रकम उपलब्ध गराउनका लागि नगर प्रमुखलाई अख्तियारी दिने व्यवस्था उल्लेख छ। कार्यपालिकाको निर्णय बमोजिम नगर प्रमुखको तोक आदेश अनुसार रु. २५ हजारसम्म

तथा सो भन्दा माथिको सभाको निर्णय बमोजिम आर्थिक सहायता दिने व्यवस्था रहेको छ। पालिकाले दिएको विवरण अनुसार कानून निर्माण नगरी तोक आदेशको आधारमा १५० जनालाई रु. १७,१४,००० र सभा/कार्यपालिकाको निर्णय बमोजिम २ जनालाई रु. ७०,००० गरी जम्मा १५२ जनालाई रु. १७,८४,००० आर्थिक सहायता भुक्तानी भुक्तानी भएको छ। पालिकाले कानून बनाएर मात्र आर्थिक सहायता उपलब्ध गराउनुपर्दछ ।

३४ **खाना तथा विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको यस आर्थिक वर्षमा रु. ८८७०७८७४ आन्तरिक आय भएकोमा खाना तथा विविध खर्चमा मात्र रु २०,२८,००० खर्च भएको छ जुन आन्तरिक आयको २.२८ प्रतिशत हुन आउदछ। पालिकाले विविध खर्च गर्दा आन्तरिक आयको परिधिमा रहेर मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्दछ।

३५ **फरक शीर्षकबाट भुक्तानी :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। जस अनुसार जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शीर्षकबाट बजेट खर्च लेख्नु पर्दछ। पालिकाले निम्न खर्चमा फरक शीर्षकबाट भुक्तानी भएको नियमसंगत नदेखिएको रु.

| क्र. स. | गोश्वरा भौचर | खर्च लेखेको शीर्षक | खर्च गर्नुपर्ने शीर्षक | रु. |
|---|---|---|---|---|
| १ | २८०।०८०।७।२१ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | नपा करार तर्फको कर्मचारीहरुको कार्तिक महिनाको तलब | ३६,००० |
| २ | ४४२।०८०।९।११ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | नपा करारका कर्मचारीहरुको मंसिर महिनाको तलब | ९,००० |
| ३ | ११९०।०८१।३।२३ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | पालोपहरा को भुक्तानी विभिन्न कर्मचारीहरुलाई | ४७,८०० |
| ४ | ४५५।०८०।९।१२ | भुमी आयोग को कार्यक्रम संचालन | इन्धन कार्यालय प्रयोजन | ४,५७,७८९ |
| | **जम्मा** | | | **५,५०,५८९** |

| अनियमित भएको | ५,५०,५८९ |
|---|---|

३६ **अन्य निकायको खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। नमुना परीक्षणमा पालिकाले देहायको कार्यालयको खर्च रु. ११,९९,३९५ भुक्तानी गरेको छ। कानुनको व्यवस्था अनुरुप अख्तियारी प्रदान गरी खर्च गर्नुपर्नेमा सोझै अन्य कार्यालयको खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| गोश्वरा भौचर | कार्यालय | प्रयोजन | रु |
|---|---|---|---|
| १२४।०८०।८।२४ | नापी कार्यालय | कार्यालय सामाग्री खरिद | ३८,६९९ |
| १४०।०८०।९।२ | नेपाल नगरपालिका संघ | आर्थिक सहयोग | ५,००,००० |
| १५८।०८०।९।१६ | मालपोत कार्यालय | कार्यालय सामाग्री खरिद | ३,३४,३०२ |
| १६१।०८०।९।१६ | नापि कार्यालय | कार्यालय सामाग्री | २,१०,९९९ |
| २११।०८०।१०।२९ | नापि कार्यालय | कार्यालय सामाग्री | ७९,८८४ |
| ७५।२०८१।०२।०२ | लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई | अनुदान | १,१५,६२५ |
| **जम्मा** | | | **१२,७९,५०९** |

| | |
|---|---|
| अनियमित भएको | १२,७९,५०९ |

३७ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

३७.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १४ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष १६७ जनालाई औसत २०.४३७ दिनले ३४१३ दिन रोजगारी उपलव्ध गराई रु. २२,७९,५५० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

३७.२ **वार्षिक कार्यक्रममा समावेश नगरी आयोजना छनौट गरेको :** कामका लागि पारीश्रमिकमा आधारित सामुदायिक आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को बुदाँ नं. ७ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वियन हुने आयोजनाहरु स्थानीय तहको वार्षिक कार्यक्रममा समावेश हुनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले वार्षिक कार्यक्रममा समावेश नगरी कार्यपालिकाको निर्णय गरेर) कार्यक्रम तथा आयोजना छनौट गरी कार्यान्वियन गरेको छ। पालिकाले कार्यविधिको पालना गरी वार्षिक कार्यक्रममा समावेश गरी आयोजना छनौट गर्नुपर्दछ ।

३८ **भूमि आयोगको कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। त्यस्तै प्रदेश सरकारद्धारा प्रकाशित सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ को बुँदा नं ५ मा सार्वजनिक कार्यालयले अतिरिक्त समय काम गर्नुपरेको अवस्थामा आधार र कारण सहितको विवरण खुलाई लेखाउत्तरदायी अधिकृतको स्विकृत लिई कार्यालय समय भन्दा अघी पछी कम्तिमा दिनको २ घण्टा अतिरिक्त समय काम प्रतिवेदन सहित कार्यालय प्रमुखले प्रमाणीत गरेको अवस्थामा खाजा खाना उपलब्ध गराउन पाइने व्यवस्था छ। पालिकाले अतिरिक्त समय कार्य गरेको हाजिरी प्रमाणित नगरी तथा डिजिटल हाजिरी बेगर निम्न कर्मचारीलाई अतिरिक्त समय काम गरेको भनी रु. १००० को दरले रु. ४,७२,००० भुक्तानी भएको छ। पालिकाले कार्यालय समय भन्दा अतिरिक्त समय खुल्ने गरी डिजिटल हाजिरि समेत नराखी अतिरिक्त कार्य वापत गरेको भुक्तानी नियमसंगत नदेखिएको रु.

| पद | नाम | कार्यालय | दिन | दर | रु. |
|---|---|---|---|---|---|
| प्रमुख नापी अधिकृत | सहदेव सुवेदी | नापि कार्यालय | ११८ | १००० | १,१८,००० |
| सर्वेक्षक | जनकराज जोसी | नापि कार्यालय | ११८ | १००० | १,१८,००० |
| सर्वेक्षक | सुर्य प्रसाद ढकाल | नापि कार्यालय | ११८ | १००० | १,१८,००० |
| स. चा | धन व. क्षेत्र | नापि कार्यालय | ११८ | १००० | १,१८,००० |
| | | | | **जम्मा रु.** | **४,७२,०००** |

| | |
|---|---|
| अनियमित भएको | ४,७२,००० |

३९ **गत वर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(२) मा बजेट प्रस्ताव गर्दा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समाबेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु ४९,८९,०९३.३३ भुक्तानी दिएको छ। ऐनमा तोकिएको व्यवस्था विपरित हुनेगरी बजेट प्रस्ताव गर्दा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व बाहेकको नियमित र चालु प्रकृतिको गत विगतको भुक्तानी दिने बाँकी रकम समाबेश गरी बजेट प्रस्ताव गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

४० **सफ्टवेयर खरिद र परिचालनः**

सार्वजनिक खरिद नियमावली २०६३ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र एकिन गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले २ सफ्टवेयरमा यस वर्ष खरिद तर्फ रु. ३,०२,२७५ सफ्टवेयर खरिदको आवश्यक्ता, यसको लागत अनुमान, त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। तसर्थ यस्ता सफ्टवेयर खरिद, प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आवद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

४१ **सामाजिक सुरक्षाः**

४१.१ सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्र नविकरण गरिसक्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयबाट प्राप्त Gender Wise SSNP Grant Report (अनुसुची ४) बमोजिम आर्थिक वर्ष २०८०।८१ मा सामाजिक सुरक्षा भत्ता लिएका ज्येष्ठ नागरिक ३५६३ लाभग्राही मध्ये चालू वर्षको लागि लेखापरीक्षण अवधिसम्म नविकरण गर्न आएका लाभग्राही संख्या ३४८० मात्र रहेको पाईयो। पालिकाबाट नविकरण गर्न नआएका लाभग्राहीको पहिचान गरी लाभग्राही एकिन गर्ने कार्य भएको पाईएन्। आर्थिक वर्ष २०८१।८२ को लागि नविकरण गर्न नआएका ८३ लाभग्राहीलाई २०८०।८१ मा भुक्तानी भएको प्रति व्यक्ति रु. ४००० का दरले रु. ३,३२,००० सामाजिक सुरक्षा भत्ता तथा लाभग्राही सम्बन्धमा एकिन हुनुपर्दछ। साथै अन्य लाभग्राही समुहमा समेत नविकरण गर्न नआएका लाभग्राही एकिन गरी वास्तविक लाभग्राही भए नभएको सम्बन्धमा पालिकाबाट छानबिन हुनुपर्दछ ।

४१.२ सामाजिक सुरक्षा कार्यविधि, २०७७ अनुरुप लगत अद्यावधिक गर्नुपर्ने सोहि कार्यविधिको अनुसूची १० अनुसार बैंकसँग निश्क्रिय खाताहरुको विवरण माग गरी हिसाब मिलान गर्नुपर्ने र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २२ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अभिलेखको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, नियम १६ बमोजिम भएको व्यवस्थाहरुको विवरण पालिकाले त्रैमासिक तथा वार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने लगायतका आन्तरिक लेखापरीक्षणबाट औंल्याएका व्यहोरामा सुधार एवं कार्यान्वयमा पालिकाले ध्यान पुर्‍याउनुपर्दछ।

४२ **स्वास्थ्यतर्फः**

४२.१ **न्यानो झोला वितरण :** आर्थिक वर्ष ०८०।८१ मा स्थानीय तहबाट गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन कार्यक्रम नं. २ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत न्यानो झोला कार्यक्रमको लागि न्यानो झोलाको मापदण्ड निर्धारण गरेको छ। सोही बमोजिम तोकिएको गुणस्तरमा न्यानो झोला उपलब्ध गराउनु पर्दछ। पालिकाको वर्थिङ्ग सेन्टरमा १२० जना सुत्केरी संख्या भएकोमा यस आर्थिक वर्षमा पालिकाले न्यानो झोला खरिद गरेको छैन। जसबाट सम्पुर्ण सुत्केरी आमाले गुणस्तरीय झोला प्राप्त गर्ने अवसरबाट बञ्चित भए। पालिकाले कार्यविधिले तोके बमोजिमको गुणस्तरीय न्यानो झोला उपलब्ध गराउनुपर्दछ।

४२.२ **स्वयंसेविकालाई अतिरिक्त सुविधा भुक्तानी :** स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफ्नो आन्तरिक आयको बिचार गरी कानूनी व्यवस्था गरेर मात्र सेवा सुविधा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले स्वयंसेवकको रुपमा कार्य गर्ने महिला स्यंवसेविकाहरुलाई संघीय सरकारबाट प्रति महिना रु.१००० को दरले यातायात खर्च र पोशाक वापत रु.१०००० गरी जम्मा रु.१५,६२,००० भुक्तानी गर्नुपर्नेमा दीर्घकालिन रुपमा पालिकालाई आर्थिक व्ययभार पर्ने कुराको अध्ययन तथा विश्लेषण नै नगरी एवं कार्यविधि तयार नगरी ७१ जना महिला स्वंयसेविकालाई यातायात खर्च वापत प्रति महिना रु. २००० को दरले जम्मा रु.१८,४६,००० अतिरिक्त खर्च गरेको छ। संघीय कार्यक्रम र निर्देशिका अनुसार नै खर्च व्यवस्थापन गर्नुपर्नेमा सो विपरीत पालिकाले थप सुविधा वापत गरेको भुक्तानी नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १८,४६,००० |

४२.३ **निःशुल्क उपचार सहायता :** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने अधिकार हुने व्यवस्था छ। नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया बारेमा उल्लेख छ। सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ। नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ। सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट १२१ जनाको लागि रु. ६८,६०,००० खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्ने तथा सहायता दोहोरो नपर्ने गरी वितरणको व्यवस्था गर्नुपर्ने देखिन्छ।

| **क्र संख्या** | **रोगहरु** | **उपचाररत व्यक्ति** | **रकम** |
|---|---|---|---|
| १ | क्यान्सर रोगी | ९० | ५१०५००० |
| २ | मृगौला डाईलोसिस | १४ | ६१५००० |
| ३ | मृगौला प्रत्यारोपण | ७ | ४२०००० |
| ४ | मेरुदण्ड पक्षघात | १० | ७२०००० |
| **जम्मा** | | **१२१** | **६८६००००** |

४३ **शिक्षातर्फः**

४३.१ **पाठ्यपुस्तक अनुदान:** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई (सत्यापन) गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विद्यार्थी अनुदान निकासा गर्नुपर्नेमा

जनता मा.वि. कोहलपुर मैटहवाले पाठ्य पुस्तक खरिद वापतको बिल पेश नगरी रु.२६४४२८ भुक्तानी दिएको देखिएकोले सोको बिल भर्पाई पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६४,४२८ |

४३.२ **विशेष शिक्षा विद्यालय अनुदानः** पालिकाले मुख्यमन्त्री शैक्षिक सुधारको कार्यक्रमलाई निरन्तरता गरी विशेष अनुदानबाट जनशक्ति व्यवस्थापन हुने गरी चार विद्यालयलाई अनुदान शीर्षकबाट व्ययभार हुने गरी अनुदान प्रदान गरेको छ। त्यस्तै गरी पालिकाले कार्यविधि बिना कार्यपालिकाको निर्णयको आधारमा दुई विद्यालयलाई नमुना विद्यालय बनाई अनुदान उपलब्ध गराएको देखियो। संघीय सरकारबाट हस्तान्तरित कार्यक्रममा समेत नमुना विद्यालय छनौट गरी अनुदन उपलब्ध गराउने व्यवस्था हुँदाहुदै पालिकाले कार्यविधि बीना कार्यपालिकाको निर्णय अनुसार भुक्तानी गरेको देखिएकोले आन्तरिक श्रोतलाई मध्यनजर गरी यस्ता खर्चहरु नियन्त्रण गर्नु पर्दछ।

| क्रम संख्या | विद्यालय | रकम | कैफियत |
|---|---|---|---|
| १ | कृष्णा मा वि कौशिलानगर | २००००० | विशेष शिक्षा |
| २ | ज्ञान ज्योती मा वि बगैया | २५०००० | |
| ३ | नेपाल राष्ट्रिय आ वि लखनावार | २५०००० | |
| ४ | ने रा प्रा वि ढोडपुर्वा | २००००० | |
| ५ | शिवशक्ति आ वि | १५००००० | पालिका नमुना विद्यालय |
| ६ | सिर्जना बाल प्रा वि | १०००००० | |
| **जम्मा** | | **३४०००००** | |

४३.३ **बढी भुक्तानीः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई(सत्यापन) गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विद्यार्थी अनुदान निकासा गर्नुपर्नेमा सरस्वती माध्यमिक विद्यालयले विद्यार्थी भरपाई भन्दा बढी बिल पेश गरी IEMIS अनुसार पाउने भन्दा बढी निकासा भएको पाठ्यपुस्तक वापतको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,१३९ |

४३.४ **सेनीटरी प्याड खरीदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधिनमा रही अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालीकाले नियमावलीको व्यवस्था अनुसारको लागत अनुमान तयार गरी खरीद बोलपत्रको माध्यमबाट कम कवोल जनाई एन्जल टच हाईजिन म्यानुफ्याक्चरिङ्गबाट प्रा.लि. बाट प्रति प्याड रु. ३२.७४।- का दरले ७५७०० प्याडको गो.भौ.२३२। ०८०।१२।१६ बाट रु. ३०४७६१२ भुक्तानी दिएको छ। सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ अनुसारको सेनिटरी प्याडको स्पेशिफिकेशन २४०±२०mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५mm ± २mm को हुनुपर्ने उल्लेख छ। पालिकाले सो अनुसारको स्पेसिफिकेशनको सेनीटरी प्याड खरीद नगरी २८५ mm को ७५७०० थान प्याड खरीद गरी वितरण गरेको पाईयो। यसरी सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधीले तोकेको स्पेसिफिकेशन अनुसार खरिद नगरेकोले कानूनको पालना गरेको देखिएन। पालिकाले कार्यविधीले तोकेको मापदण्ड अनुरुप खरीद गर्नु पर्दछ।

४४ **प्रति विद्यार्थि लागतका आधारमा अनुदानः**

४४.१ शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.५०. मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि शिक्षण सिकाई सामग्री तथा बुक कर्नर व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा १ देखि ५) प्रति विद्यार्थी वार्षिक रु.१५०, तथा शिक्षण सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ६ देखि १०) प्रति विद्यार्थी वार्षिक रु.२००, तथा शिक्षण सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान(कक्षा ११ देखि १२) रु.२५० को आधारमा निम्न विद्यालयहरुलाई अनुदान उपलब्ध गराएकोमा श्रेष्ता परिक्षणमा निम्नानुसार देखियो।

| क्रम संख्या | विद्यालयको नाम | ECD अनुदान | CAS अनुदान | Book कर्नर अनुदान | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | राम माध्यमिक विद्यायल | १०५०० | ३४०० | १७३९०० | १८७८०० |
| २ | त्रिभुवन माध्यमिक विद्यालय | २२५०० | २४०० | ४८३४०० | ५०८३०० |
| ३ | ज्ञानज्योति माध्यमिक विद्यालय | ९००० | ३७०० | ३३५३०० | ३४८००० |
| ४ | लक्ष्मी माध्यमिक विद्यालय | ८००० | २५०० | २३२३५० | २४२८५० |
| ५ | सगरमाथा ज्ञानपुञ्जमाध्यमिक विद्यालय | १९००० | ५००० | १५५५५० | १७९५५० |
| ६ | कृष्ण माध्यमिक विद्यालय | ३४५०० | ३६०० | २७८९०० | ३१७००० |
| ७ | जन ज्ञानज्योति माध्यमिक विद्यालय | ३०५०० | २४०० | ११४४०० | १४७३०० |
| ८ | जनता माध्यमिक विद्यालय | १८५०० | २१०० | ६७९०० | ८८५०० |
| ९ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय | ३७००० | ५७०० | १७१५०० | २१४२०० |
| १० | ज्ञानज्योति माध्यमिक विद्यालय | २४५०० | २६०० | ८४३५० | १११४५० |
| ११ | सरस्वती माध्यमिक विद्यालय | २१००० | ४१०० | ११७४५० | १४२५५० |
| १२ | सिद्धार्थ माध्यमिक विद्यालय | ४२००० | २३०० | ५९१५० | १०३४५० |
| १३ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय | ३६००० | ४३०० | ४२६०० | ८२९०० |
| १४ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय | २९५०० | २५०० | ५६८०० | ८८८०० |
| १५ | बाल शिक्षा माध्यमिक विद्यालय | २१५०० | ३००० | ६४१०० | ८८६०० |
| १६ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय | १७५०० | २५०० | २३४५० | ४३४५० |
| १७ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय | १७५०० | ३२०० | ३३३५० | ५४०५० |
| १८ | जनचेतना आधारभूतविद्यालय | २२५०० | ५१०० | ३९७५० | ६७३५० |
| १९ | बाल प्राथमिक विद्यालय | ९००० | १२०० | ६७५० | १६९५० |
| २० | जनज्योति आधारभूत विद्यालय | २७५०० | ४५०० | ३७२०० | ६९२०० |
| २१ | नेपाल राष्ट्रिय प्राथमिक विद्यालय | २१००० | २७०० | २१९०० | ४५६०० |
| २२ | नेपाल राष्ट्रिय प्राथमिक विद्यालय | १५५०० | ४४०० | २७१५० | ४७०५० |
| २३ | मुक्ति प्राथमिक विद्यालय | २५५०० | १८०० | २१३०० | ४८६०० |
| २४ | शिवशक्ति प्राथमिक विद्यालय | ३२००० | ६००० | ६९८५० | १०७८५० |
| २५ | विद्याज्योति प्राथमिक विद्यालय | ९५०० | ११०० | १२९०० | २३५०० |
| २६ | सृजना प्राथमिक विद्यालय | १०५०० | २१०० | १५१५० | २७७५० |
| २७ | मदरसा हिमालय गरिब नवाज प्रा. वि. | ३१५०० | ४५०० | २४३०० | ६०३०० |
| २८ | राधाकृष्ण प्राथमिक विद्यालय | १३००० | २२०० | १५१५० | ३०३५० |
| २९ | मदरसा रहमातुल उलुम | २०५०० | ३६०० | २९७०० | ५३८०० |
| ३० | रामजानकी राधाकृष्ण गुरूकुलप्रा वि | ० | ० | २८५० | २८५० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | मदरसा गरिव नवाज मस्जिद | १९००० | ० | ० | १९००० |
| **जम्मा** | | **६५६०००** | **९४५००** | **२८१८४००** | **३५६८९००** |

४४.२ सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि शिक्षण सिकाई सामग्री तथा बुक कर्नर व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान(कक्षा १ देखि ५) प्रति विद्यार्थी वार्षिक रु.१५० अनुदान उपलब्ध गराएकोमा सोको निरन्तर विद्यार्थी मूल्याङ्कनको लागि तयार भएको पोर्टफोलियो कुनै पनि विद्यालयले तयार गरेको नापाईएकोले। विद्यालयले प्राप्त अनुदानको उपयोगको लागि कार्यविधि बमोजिम निरन्तर विद्यार्थी मूल्याङ्कनको पोर्टफोलियो तयार नगर्ने विद्यालय तथा पदाधिकालरिलाई जिम्मेवार बनाउनु पर्दछ।

४४.३ शिक्षण सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ६ देखि १०) प्रति विद्यार्थी वार्षिक रु.२००, तथा शिक्षण सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुदान(कक्षा ११ देखि १२) रु.२५० को आधारमा अनुदान दिएकोमा सो को प्रगति प्रतिवेदन नभएको तथा पालिकाले IEMIS को आधारमा मात्र भुक्तानी दिएकोले सम्बन्धित विद्यालयले उक्त अनुदान रकमको प्रतिवेदन पेश गर्नुपर्दछ ।

४५ **बालविकास शिक्षकलाई प्रोत्साहन भत्ता:**

पालिकाले मिति २०७९।४।२९ को नगर कार्यपालिकाको निर्णयले हिमालय मदरसा गरिव नवाज प्रा.वि. मा कार्यरत २ जना बाल विकास शिक्षक राधीका मल्ल र वृन्दा वलीलाई मासिक रु. ३०००।- का दरले थप प्रोत्साहन भत्ता उपलव्ध गराएको देखिन्छ। पालिकाले थप प्रोत्साहन भत्ता बापत बार्षिक जनही रु.३९००० का दरले रु ७८०००।- भुक्तानी भएकोमा प्रोत्साहन भत्ता वितरण गर्दा अतिरिक्त कार्य गरेको प्रमाणित हुने कागजात पेश नगरी रु. ७८००० भुक्तानी भएको पाईयो। पालिकाले ती कर्मचारीहरुद्वारा अतिरिक्त कार्य गरेको प्रमाणीत गर्ने हाजिरी प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७८,००० |

४६ **विशेष योजना:**

विशेष अनुदान सम्वन्धी कार्यविधि, २०७५ को बुदा नं ७(क) मा नेपाल सरकारले प्रदान गरिने विशेष अनुदान रकम तलब भत्ता, मर्मत सम्भार मसलन्द लागतका साधारण खर्च तथा ऋण लगानी मा खर्च गर्न नपाइने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसार एनिमिया ल्याव संचालन तथा व्यवस्थापन कार्यक्रमबाट विशेष अनुदान कार्यविधिले दिन नमिल्ने खर्च भुक्तानी गरेको नियमसँगत नदेखिएको रु.

| गो भौ नं र मिति | खर्च शिर्षक | रकम |
|---|---|---|
| १७८।२०८०/११/०६ | नेशनल प्रिन्टिङ्ग प्रेसलाई कार्ड छपाई वापतको रकम भुक्तानी | २७१२० |
| १९४। २०८०/११/२० | बैठक खाजाखर्च रकम भुक्तानी | १३२०० |
| | एक्सरेको मेसिन मर्मत | ३२८८३० |
| **जम्मा** | | **३६९१५०** |

| | |
|---|---|
| अनियमित भएको | ३,६९,१५० |

४७ **अनुगमन भत्ता :**

लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को बुँदा नं. १९ मा सार्वजनिक निकायले आफ्नो कार्यजिम्मेवारी तथा कार्यक्षेत्र भित्र पर्ने नियमिति प्रकृतिको काम गरेवापत तलव वा पारिश्रमिक वाहेकको अन्य थप सुविधा तथा अतिरिक्त भत्ता लिन/दिन नपाईन व्यवस्थ छ। पालिकाको कार्यक्षेत्रभित्रको नियमित प्रकृतिको योजना अनुगमन गरे वापत कन्जटिन्जेन्सी खर्च शीर्षकबाट गो.भौ.नं ४।०८०।११।१६ बाट विभिन्न मितिमा पालिकाको योजना अनुगमन गरे वापत १६ जना पदाधिकारी तथा कर्मचारीले रु.१,३१,००० अनुगमन भत्ता लिएको नियमसंगत नदेखिएको रु.

| अनियमित भएको | १,३१,००० |
|---|---|

४८ **नम्स भन्दा बढी भुक्तानीः**

सडक विभागबाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेशन, २०७३ संशोधन समेतको सेक्सन १३००-BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति बर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने र प्रि मिक्सको अधिकतम् २० एम एम मोटाई दिन सकिने व्यवस्था रहेको छ। पालिकाले देहायका सडक कालोपत्रे निर्माण कार्यमा ट्याक कोट स्पेसिफिकेशनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औसत ०.७३ प्रति लिटरका दरले भुक्तानी दिएको देखियो। पालिकाले ट्याककोटको स्वीकृत नमर्स भन्दा बढी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| गोश्वरा भौचर | योजना | निर्माण व्यवसायी | क्षेत्रफल ब.मि | निर्मस अनुसार दिनुपर्ने दर | दिएको दर | वढी दर | बढी परिमाण लि. | दर रु. | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| ३२५/०८१/२/७ | सोलारी थारुको घर देखि दक्षिण तर्फ सडक कालोपत्रे | शौरभ कन्सट्रक्सन | १२४९.७५ | ०.६०ltr/sqm | ०.७३ ltr/sqm | ०.१३ | १६२.५ | १२० | १९४९६ |
| २३/०८१/२/४ | रत्न राजमार्ग देखि शहिद चोक हुँदै वडा नं.२ सिमाना सम्म मो.बा | कर्णाली निर्माण सेवा | ९२५.१३ | ०.६०ltr/sqm | ०.७३ ltr/sqm | ०.१३ | १२०.३ | १५० | १८०४५ |
| ५३/०८१/३/२४ | रझेना देखि चौधरिया गाउँ प्रसेनिपुर मा.बा | अनमोल निर्माण सेवा | ६८९.८५ | ०.६०ltr/sqm | ०.७३ ltr/sqm | ०.१३ | ८९.६८ | १७० | १५२४५ |
| ४००/०८१/३/१८ | ढोरपुर जाने बाटो देखि जग्दिश यादवको घर सम्म मो.बा | अनमोल निर्माण सेवा | ६८८.४८ | ०.६०ltr/sqm | ०.७३ ltr/sqm | ०.१३ | ८९.५ | १६० | १४३२० |
| ३०५/०८१/१/१२ | कोहलपुर रिङरोड निर्माण | शोभालक्ष्मि कन्सट्रक्सन | २९९४.३ | ०.६०ltr/sqm | ०.७३ ltr/sqm | ०.१३ | ३८९.३ | १०० | ३८९३० |
| ३८२/०८१/३/६ | बर्दहवा गाउँ देखि लक्ष्मी मा.वि सम्म मो.बा | बि एण्ड बि कन्सट्रक्सन | २४७५ | ०.६०ltr/sqm | ०.७३ ltr/sqm | ०.१३ | ३२१.७५ | १५० | ४८२६२ |
| १००/०८०/७/२१ | राजमार्ग जोड्ने सडक स्तरोन्नति | खुसि विल्डर्स | ८२२ | ०.६०ltr/sqm | ०.७३ ltr/sqm | ०.१३ | १०६.८६ | १०८ | ११५४० |
| **जम्मा** | | | | | | | | | **१६५८३८** |

| असुल गर्नुपर्ने | १,६५,८३८ |
|---|---|

४९ **सशर्त अनुदान फिर्ता :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले साना सिचाई प्रवर्द्धन कार्यक्रममा ६० थान पम्पसेट प्रतिसेट रु. १२९९५(भ्याट सहित) को कुल रु. ७७९,७०० बाट किसानको ५० प्रतिशत अंश कटाई ३,८९,९५० मात्र भुक्तानी लेख्नुपर्नेमा गो.भौ. ४५२-२०८०।०३।२३ बाट रु. ५४९१५० र ४५३-२०८०।०३।२३ बाट रु. ११९२०० श्री डाँगी ट्रेडलाई रु. ६६८,३५० खर्च लेखेको छ। यसरी सङ्घीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमबाट तोकिएको कार्य मात्र खर्च गर्नुपर्ने र सो कार्य सम्पन्न भएपछी सङ्घीय सञ्चित कोषमा फिर्ता पठाउनु पर्नेमा नपठाई पालिकाले आफ्नो कार्यक्रमबाट सम्पन्न भएका खरिद कार्यको समेत

सङ्घीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमबाट भुक्तानी दिएको छ। उक्त भुक्तानी वापतको रकम सङ्घीय सशर्त कोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७८,४०० |

५० **पूर्वनिर्धारित क्षतिपूर्ति :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(क) मा डिजाइन परिवर्तन भएका, बजेट नपुग भएमा, निर्माण स्थल उपलबध नभएमा, समयमा भुक्तानी हुन नसकेमा, निर्माण सामाग्रीको अभाव भएमा र प्राकृतिक विपद् परेको कारणबाट सम्झौता अनुसारको कार्य पूरा नभएमा पूरा नहुनुको कारण सहित पुष्ट्याँइ गरी यो व्यवस्था जारी भएको ३० दिन भित्र कार्यतालिका सहित निवेदन दिएमा म्याद थप गर्न सकिने र थप अवधिमा कामको प्रगती भए नभएको विषयमा अनुगमन गर्नुपर्ने व्यवस्था छ। माथिको अवस्था नरहेको र थपियको समयमा समेत काम नगरी निर्माण व्यवसायिको ढिलाईको कारणले काम हुन नसकि प्रतिफल प्राप्तिमा ढिलाई भएको अवस्थामा सोहि नियमको नियम १२१ अनुसार प्रतिदिन ०.०५ का दरले कुल १० प्रतिशत नबढ्ने गरी पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था छ। तपसिलका ठेक्काहरुमा लेखापरीक्षण अवधिसम्म म्याद समाप्त भएकोमा म्याद थप भएको देखिएन भने माथि उल्लेखित समस्याहरु नदेखिएकोले निर्माण कार्यमा ढिलासुस्ती गरी निर्माण कार्य लामो समयसम्म अधुरो छोडी ठेक्का संम्झौता उलंघन गर्ने निर्माण व्यवसायिहरुलाई देहाय बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लगाइ कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ। सम्बन्धित निर्माण व्यवसायीबाट नियमावलीको व्यवस्था अनुसार पूर्वनिर्धारित क्षतिपूर्ती असुल गरी निर्माण कार्य सम्पन्न गर्नु पर्ने रु.

| सि.नं | ठेक्का नं | काम | निर्माण ब्यावसयी | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप पटक | ठेक्का अंक (भ्याट बाहेक) | भुक्तानी | पूर्व निर्धारित क्षतिपूर्ति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २-२०७७/०७८ | कोहलपुर कभर्डहल निर्माण | धुलिखेल जे.के जे.भि | २०७७/११/१७ | २०८०/९/२९ (म्याद समाप्त भएको) | २ | ५०३२८०६० | १४९१३५३८ | ५०३२८०६ |
| २ | ०३/०७८/७९ | सरस्वती मा.वि भवन निर्माण | के.आर कन्स्ट्रक्सन बाँके | २०७८/८/१३ | २०८०/२/३२ (म्याद समाप्त भएको) | १ | ३३८१७७१ | १५४८३१३ | ३३८१७७ |
| जम्मा | | | | | | | | | ५३७०९८३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,७०,९८३ |

५१ **ठेक्काको म्याद थपः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ मा खरिद सम्झौतामा उल्लेख भए अनुसार खरिद सम्झौताको म्याद थप गर्ने उल्लेख छ। सो अनुसार खरिद सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपूर्तिजन्य घटना) को आधारमा म्याद थप गर्नुपर्नेमा ऐनको उक्त व्यवस्था विपरित समय नियन्त्रणको लागि खरिद सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरु भए पनि ती व्यवस्थाको पालना गरेको छैन। पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने ठेक्काको पुनः म्याद थप गरेको छ। तपसिलका ठेक्काहरुको सम्झौता विपरीत पटक पटक म्याद थप गरेकोलेको ठेक्का सम्पन्न नभई ठेक्काहरुको म्याद बढ्दै जाँदा ठेक्काहरुको काम अधुरो रहने भएकाले कार्यतालिका र सम्झौताअनुसार कार्य नगर्ने निर्माण व्यवशायी र सम्बन्धित पदाधिकारीलाई जिम्मेबार बनाउनुपर्दछ ।

| सिनं | ठेक्का नं | काम | निर्माण व्यावसायी | ठेक्का अंक | भुक्तानी | प्रगति प्रतिशत | सम्झौता मिति | पटक | थप अवधि |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३-२०७९/०८० | पर्सेनीपुर चौधरिया गोहवा रझेना गाउँ जोड्ने सडक कालो पत्रे | शोभा लक्ष्मि कन्सट्रक्सन कोहलपुर | ११५१६६३७ | ५८७११९८ | ५०.९४ | २०७९/८/२० | २ | २०८१/११/३० |
| २ | ४-०७९/८० | रामनगर पश्चिम विराट खानेपानी हुँदै नेपालगञ्ज सुर्खेत जाने बाटो कालोपत्रे | शोभा लक्ष्मि कन्सट्रक्सन कोहलपुर | ८२०४४६८ | २०४७२६५ | २४.९५ | २०७९/८/१२ | २ | २०८१/११/३० |
| ३ | १०-२०७७/०७८ | १५ शैया अस्पताल | सि.ए.वि/ वयान/एम एस जे.भि. | ९५३०५५३५ | ७४७९४०४५ | ७८ | २०७८/१/१० | ३ | २०८१/११/३० |

५२ **प्रशासकिय भवन निर्माणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यावसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने उल्लेख छ। पालिकाले प्रशासकीय भवन निर्माणका लागि रु. १९,७९,७७,४००.४२ को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरिएकोमा रु.१५३८४८७१०.४२(भ्याट समेत) मा ठेक्का सकार गर्ने एसोसियट जय भवानी रन्जितकार जे भी संग २०८१।९।२५ सम्म कार्य सम्पन्न गर्ने गरी २०७९।३।२१मा सम्झौता गरेको पाईयो। सो ठेक्कामा सातौ रनिङ्ग विल सम्म रु.६४२४५८३१ गरी वित्तीय प्रगती ४२.७५ भएको देखिन्छ। लेखापरिक्षण अवधिसम्म ठेक्काको म्याद समाप्त भईसकेको र म्याद थपका लागि निर्माण व्यावसायीबाट निवेदन पेश गरेको छैन। यसरी ठेक्का समयमै सम्पन्न नभई ठेक्काहको म्याद बढ्दै गई काम अधुरो रहने हुँदा कार्यतालिका र सम्झौताअनुसार कार्य नगर्ने निर्माण व्यवसायी र पदाधिकारीलाई थप जिम्मेवार बनाउनु पर्दछ।

५३ **निर्माण कार्यको अन्त्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(४) मा सार्वजनिक निकायले सार्वजनिक हितको लागि सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य गर्न सक्ने व्यवस्था छ। भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२७ मा सुविस्ताको आधारमा सम्झौताको अन्त्य गरेकोमा सम्बन्धित निर्माण व्यावसायीलाई कुनै भुक्तानी दिन बाँकि रहेको छ भने उक्त निर्माण व्यावसायीले लिएको पेश्की लिएको भए पेश्की रकम कटाएर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालीकाले विभिन्न वडाको सडक मर्मत योजनका लागि २०७८/८/१३ के.आर.के कन्सट्रक्सनसँग २०७९/३/२५ सम्म सम्पन्न गर्ने गरी रु. ५६४१७५७ को सम्झौता भएकोमा चौथो नगर सभाको निर्णयले २०८० पौष मसान्तसम्म म्याद थप गरेको देखिन्छ। निर्माण व्यावसायिले गो.भौ १३२/२०७८/१०/११ बाट रु.९९००००।– पेश्की लगेकोमा उक्त पेश्की समेत फछर्यौट नभएको, कुनै कार्य अगाडी नबढेको तथा म्याद थपका लागि निवेदन समेत दिएको पाईएन। नगर कार्यपालिकाको २०८०/१/३१ को निर्णय बमोजिम लागत अनुमान बमोजिमको साईट उपलब्ध गराउन सकिने अवस्था नदेखिएको तथा सो स्थानमा काम गर्दा सरकारी स्रोतको सदुपयोग हुने अवस्था देखिएकोले उक्त योजनको कुनै पेश्की वा दायित्व तिर्नुपर्ने भए सो तिर्न लगाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२७ बमोजिम सम्झौताको अन्त्य गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय भएको देखियो। यसरी सुविस्ताको आधारमा सम्झौताको अन्त्य गर्ने निर्णय भएको भएता पनि उक्त निर्माण व्यावसायीबाट पेश्की रकम रु.९९००००। असुल भएको नदेखिएकोले उक्त पेश्की रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,९०,००० |

५४ **कोहलपुर डिजिटाईजेशन कार्यक्रमः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(३)मा नगरपालिकाले योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर आम्दानी र रोजगार बढ्ने, लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने लगायतका विषयलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ। सोहि ऐनको दफा २४(६)मा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वियन तालिका र अनुगमन मूल्याङ्कन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले वडा कार्यालय, स्वास्थ्य संस्था तथा बाटोमा सि.सि.टि.भि. जडानका गर्न कोहलपुर डिजिटाईजेशन योजनाको लागि ठेक्का सकार गर्ने ई-थ्रि नेक्सन जे.भि. संग २०८०।१०।२५ सम्म सम्पन्न गर्ने गरि रु.२८७०९३५४। को सम्झौता भएको पाईयो। सम्झौता बमोजिम कार्यसम्पन्न नभएकोले कार्यपालिकाको निर्णयले २ पटक गरी २०८१।३।२५ सम्म म्याद थप गरेको पाईयो। प्राविधिकको सिफारिस समेतको आधरमा लागत अनुमानमा उल्लेखित केही आईटमहरु थपघट गरी रु.३९८१०१६.५६ बृद्धि भई संशोधित सम्झौता रकम रु.३२६९०३७१ कायम भएकोले २०८१।३।९ मा भेरिएशन आदेश स्वीकृत गरेको देखिन्छ। तेस्रो, अर्थात अन्तिम रनिङ्ग विलसम्म रु.३,२५,४०,३७० को प्राविधिक मुल्याङ्कन पेश भएकोमा रु.२३४५९३६४ भुक्तानी भएको छ। उक्त डिजिटाईजेशन प्रोजेक्टको नियमित मर्मतसम्भारको लागि आगामी दिनमा बार्षिक करिब रु. १४५०,००० खर्च हुने पालिकाले जनाएको छ। साथै, कार्यान्वियनमा ल्याएकोमा डिजिटाईजेशन प्रोजेक्टबाट सृर्जना हुने साइबर जोखिमको नियमन, डिजिटल सेक्युरिटिका व्यववस्थापन जस्ता कार्यका लागि पनि थप आर्थिक दायित्व सृजना हुने देखिन्छ। तसर्थ, पालिकाले डिजिटाईजेशन प्रोजेक्टको नियमित अनुगमन गरी मर्मत र नियमित अपडेटका लागि डिजिटल सेक्युरिटी र स्रोतको सुनिश्चितता गर्नुपर्ने देखिन्छ।

५५ **बसपार्क व्यवस्थापनः**

नगर विकास कोष र कोलपुर नगरपालिका बीच मिति २०७७।६।२३ मा भएको सम्झौता बमोजिम कोहलपुर बसपार्क आयोजना निर्माणको लागि लाग्ने कुल अनुमानित रकम रु. ४६ करोड ६५ लाख रहेकोमा आर्थिक वर्ष २०७९।०८० मा रु.२७ करोड ७८ लाख २४ हजारको कार्यसम्पन्न रहेको छ। उक्त आयोजना निर्माणका लागि नगर विकास कोषले २० वर्षसम्म साँवा व्याज भुक्तानी गरी सक्नुपर्ने गरी बार्षिक ८ प्रतिशतको दरमा रु १९ करोड ९२ लाख ऋण लगानी गरेको छ। पालिकाले दिएको विवरण अनुसार उक्त कोषको ऋणको सावाँ र व्याज गरी हालसम्म जम्मा रु. ५० लाख भुक्तानी भएको देखिन्छ। आर्थिक वर्ष २०८०।०८१ मा बस पार्कबाट रु.३,६९,४१,४४० आम्दानी गर्ने लक्ष्य राखेकोमा रु. १,६५,१७,१३७.४५ मात्र आम्दानी भएको छ। लक्ष्य बमोजिम आय प्राप्त नहुनुमा बसपार्क भित्रका सटरहरु भाडामा नजानु, पार्किङ्ग स्थलबाट पूर्ण क्षमतामा शुल्क असुल गर्न नसक्नु तथा बसपार्कको मुख्य भवन भाडामा नजानु जस्ता कारणहरु लक्षित राजस्व उठ्न नसकेको पालिकाले जनाएको छ। पालिकाले सो ऋणको सम्झौता बमोजिम व्याज स्वरुप २० बर्षमा करिब १५ करोड भुक्तानी गर्नुपर्ने देखिन्छ। यसरी आन्तरिक श्रोतको सुनिश्चित नगरी, लाभ लागतको प्रभावकारी विश्लेषण बेगर महत्वकाक्षीं परियोजनामा लगानी गरी समयमा नै सावाँ व्याज भुक्तानी गर्न नसक्दा व्याज समेत पूँजीकृत हुँदै गएको देखिन्छ। फलस्वरुप पालिकाको दीर्घकालिन ऋण दायित्व बढ्दै जाने एवं संघीय अनुदान समेत कटौटी देखिएकाले पालिकाले उक्त बसपार्कको उच्चतम व्यवस्थापनबाट आम्दानी बढाउँदै ऋणको साँवा व्याज समयमा नै भुक्तानीको गर्नुपर्दछ।

५६ **उपभोक्ताबाट कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै, नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले यो बर्ष विभिन्न २२३ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ८ करोड १२ लाख भुक्तानी गरेकोमा निम्न पाइयो ।

- संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन। यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन। त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने देखिएको उपभोक्ता समितीलाई थप जिम्मेवार बनाउन आवश्यक देखिन्छ ।

- उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन।

- उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन। सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन। उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

- सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ। कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने जस्ता जटिल संरचना समेत निमार्ण गरेको पाईयो। पालिकाले उपभोक्ता समितिको क्षमता अनुसारको कार्यमा मात्र सम्झौता गरी निर्माण गर्नुपर्दछ।

५७ **राम मा. वि. परिसर भित्र चमेना गृह निर्माण :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४,२९९,५७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५८ **उपभोक्तालाई मूल्यअभिवृद्धि करः**

**(विस्तृत विवरण बेरूजु दफा ५८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,४६७ |

५९ **पेश्की बाँकी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ ।पालिकाको सुत्र प्रणाली विवरण अनुसार निम्नअनुसारको गत वर्षको

पेश्की रु.४७१७०७७८ र चालु आर्थिक वर्षको म्याद ननाधेको पेश्की रु. ७२०००० र म्याद नाधेको पेश्की रु. ६८०७६४० गरी कुल जम्मा पेश्की रु. ५४६९८४१८ रहेकोमा उक्त पेश्की नियम अनुसार फछ्र्यौट गर्नुपर्दछ। पालिकाको चालु आर्थिक वर्षको म्याद नाघेको पेश्की रु.

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,६८६,५६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ५९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | ६८,०७,६३९.६४ |

६० **आन्तरिक लेखापरीक्षणः**

६०.१ स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक बर्षको अन्तमा एक पटक मात्र गरेको छ। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ। पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम भएको सैद्धान्तिक तथा लगती बेरुजु समयमा नै फछ्यौट गर्नुपर्दछ। आन्तरिक लेखापरीक्षण गर्दा औल्याएका असुल तथा लगती कायम गरिएका व्यहोरा वुदागत रुपमा उल्लेख गरिएको छ। उक्त बेरुजु फछ्यौट गरी प्रमाण पेश गर्नुपर्दछ।

**असुल गर्नुपर्ने बेरुजुः**

| आ.ले.प.दफा नं. | बेरुजुको विषय | सम्बन्धित पक्ष | रकम |
|---|---|---|---|
| ८ | यातायतामा विल भन्दा वढी रकम भुक्तानी अशुल गर्नुपर्ने रु | प्रकाश शर्मा | ५२०० |
| १० | पानि वापतको वढी भुक्तानि | मध्यपश्चिम ट्रेडर्स | ५८७ |
| १३.२ | डिप वोरिङ्गमा वढी भुक्तानी | सापकोटा ड्रिलिङ्ग एण्ड क्लिनर्स | १८००० |
| १९ | विल रकम भन्दा वढी भुक्तानी | घटना शाह | १८०० |
| १ (को ले नि का तर्फ) | प्रशिक्षकलाई वढी भुक्तानी | विभिन्न | ११७०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३७,२८७ |

६०.२ **नियमित गर्नुपर्ने** :

| आ ले प दफा नं. | बेरुजुको विषय | सम्बन्धित पक्ष | रकम |
|---|---|---|---|
| १ | विद्युत महसुल जरिवाना तिर्दा थप व्ययभार परेको | पालिका | ६६१८५ |
| २ | लागत अनुमान तयार नगरी खरिद गरेको | पालिका | २७६८५० |
| ३ | विद्युत महसुल जरिवाना तिर्दा थप व्ययभार परेको | पालिका | २६८७९५ |
| १२.१ | लागत अनुमान र प्रतिस्पर्धा वेगरी सावारी भाडा लिएको नियमित गर्नुपर्ने | पालिका | १,७६,००० |
| | | | |
| २२ | विद्युत जरिवाना भुक्तानी | पालिका | ७८४५२ |
| २४ | सिकलसेल ल्यावको मेशिन मर्मतमा लागत अनुमान तयार नगरी सोझै खरिद | पालिका | ३२८८३० |
| २९ | विद्युत जरिवाना भुक्तानी | पालिका | ९३७३ |
| ३१ | फरक शिर्षकबाट कोहोलपुर उधोग वाणिज्य संघको नाममा भुक्तानी | पालिका | ६७३८०० |
| ३३.२ | लागत अनुमान वेगरी सवारी मर्मत | पालिका | १,४२,१७० |
| २ ( को ले नि का तर्फ ) | निर्देशिका विपत खर्च | पालिका | ८२६८२४ |

| | |
|---|---|
| अनियमित भएको | ८,२६,८२४ |

६०.३ प्रमाण पेश गर्नुपर्ने :

| आ ले प दफा नं. | बेरुजुको विषय | सम्बन्धित पक्ष | रकम |
|---|---|---|---|
| ७ | उपस्थित संख्या भन्दा वढीको खाजा खाना विल भुक्तानीमा वढी रकमको खर्च पुष्ट्याइ कागजात पेश गर्नुपर्ने | पालिका | ३४०० |
| १२.२ | सक्कल विल पेश गर्नुपर्ने | स्वर्गद्धारी फोटो स्टुडियो | १४४५ |
| १४ | यातायात खर्च स्वरुप भुक्तानी भएकोमा खर्च पुष्ट्याइ प्रमाण पेश गर्नुपर्ने | डोगाली थारु | २,५२,५०० |
| २१ | भ्रमण प्रतिवेदन पेश नभएको | कृषि आचार्य | ११,९०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६९,२४५ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्छ्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने उल्लेख छ। प्रारम्भिक प्रतिबेदनमा औल्याइएको जमुनि र लखना जोड्ने डुडुवा खोला झुलुङ्गे पुल निर्माण उपभोक्ता समितिको झोलुगें पुल बापतको म्याद नाघेको पेश्की बेरुजु कुल रकम रु. १६८६५६३ मध्ये पालिकाले पेश्की फर्छौट तथा कार्यसम्पन्न पेश गरी पेश गरेको मनासिब देखिएकोले मिति २०८१-१२-३१ को निर्णयले वडा नं.७ स्थित जमुनि र लखना जोड्ने डुडुवा खोला झुलुङ्गे पुल निर्माण उपभोक्ता समिति को रु.१५२७०५७ सम्परीक्षण गरी लगत कट्टी गरिएको र बाँकी रु. १५९५०६ कायम गरिएको पालिकाको चालु आर्थिक वर्षको म्याद नाघेको पेश्की रु. | 767146.00 |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कोहलपुर नगरपालिका, बाँके , कोहलपुर नगरपालिका , बाँके

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Dholakraj Dhakal | २०८०-५-२५ | |
| कार्यालय प्रमुख | टिकाराम ढकाल | २०७८-९-११ | २०८०-५-१८ |
| कार्यालय प्रमुख | Man Bahadur Giri | २०८१-६-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | युवराज अधिकारी | २०७९-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,९१८,२८८ | २१,७८९,८८८ | १०,०६०,४७०.६२ | ० | ० | ८,४९४,२०२.६४ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४८,२६२,८४९.२६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ५,९८६,१४१ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ७६७,१४६ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४३,०४३,८५४.२६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १६३१२८९६४.१६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५३६९२७००० | चालु खर्च | ५७३५२३८३२.४७ |
| प्रदेश सरकारबाट अनुदान | ५४८१८९९९ | पूँजीगत खर्च | २७७८७५५६७.१४ |
| राजश्व बाँडफाँट | ३१५४४६११२ | वित्तीय/अन्य व्यवस्था | ४६२५४११३२.७२ |
| आन्तरिक आय | ८७५०७८६७.७७ | | |
| अन्य आय | २८३८४३८१०.८२ | | |
| कुल आय | १२७८५४३७८९.५९ | कुल खर्च | १३१३९४०५३२.३३ |
| बाँकी मौज्दात | | १२७७३२२२१.४२ | |

## अनुसूची - २

## बेरूजु दफा २३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.सं. | नाम | श्रेणी/तह/पद | महंगी भत्ता | जम्मा महिना | जम्मा मंहगी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सागर चौधरी | सूचनाप्रबिधि अधिकृत | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| २ | टंक प्रसादपौडेल | हेभी सवारीचालक | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ३ | यमराजगुरुङ्ग | हेभी सवारीचालक | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ४ | सुदिप थारु | हेभी सवारीचालक | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ५ | उमेश रिजाल | हलुकासवारी चालक | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ६ | कृष्ण राना | हलुकासवारी चालक | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ७ | खडक बहादुर खत्री | हलुकासवारी चालक | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ८ | डोंगालीथारु | रा.प.अनं.तृतीय (मुखिया सरह) | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ९ | दिनेशबहादुर डांगी | हलुकासवारी चालक | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १० | मनोज कुमारथारु | रा.प.अनं.तृतीय (मुखिया सरह) | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ११ | अम्मरबहादुर वादी | सफाइकर्मचारी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १२ | चक्रबहादुर शाही | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १३ | दले खत्रि | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १४ | धर्मेसथारु | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १५ | निलमबाल्मीकी | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १६ | भरत लालचौधरी | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १७ | रबिन्द्रथारु | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १८ | सुनिताशर्मा | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १९ | गंगा शाही | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| २० | बाल कुमारीभुसाल | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| २१ | मायागुरुङ्ग | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| २२ | सुमित्रारोकाय | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| २३ | सीमा कुमारी बस्फोर | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| २४ | उर्मीलाशाही | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | कल बहादुरशाही | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| २६ | जमुनाडुम्रे | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| २७ | देवी रावत | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| २८ | दिपेन्द्रसापकोटा | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| २९ | दीपा राजी | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ३० | धुरुपकुमार बस्फोर | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ३१ | भिम बहादुरखत्री | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ३२ | रञ्जिताथारु | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ३३ | राज कुमारीचौधरी | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ३४ | राधेश्यामथारु | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ३५ | रिना थारु | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ३६ | लिला वली | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ३७ | श्री रामथारु | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ३८ | सन्तोषीचौधरी | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ३९ | सुरेशकुमार चौधरी | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ४० | बिर बहादुरथापा | नगर प्रहरीप्रमुख | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ४१ | डिल्लीबहादुर चन्द | असई | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ४२ | श्री कर्णचन्द ठकुरी | असई | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ४३ | यज्ञबहादुर तिमिल्सेना | हबल्दार | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ४४ | राजेन्द्रबहादुर सुनार | हबल्दार | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ४५ | एसर अलिगुजर | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ४६ | गंगाकुमारी जैशी | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ४७ | गिताकुमारी डाँगी | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ४८ | जय बहादुरकामी | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ४९ | टेक बहादुरवली | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ५० | दुर्गाथापा क्षेत्री | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ५१ | निशादेवकोटा | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५२ | पुर्णबहादुर डाँगी | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ५३ | बाल्मिकीथापा | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ५४ | यामीकुमारी थापा मगर | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ५५ | लक्ष्मणमाझी क्षेत्री | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ५६ | लोकेन्द्रराज शाही | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ५७ | सन्तुरामचौधरी | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ५८ | सन्तोषचौधरी | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ५९ | सम्झना आलेमगर | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ६० | सरिता थापा | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ६१ | सुशोभनथारु | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ६२ | हेमन्तखडका | नगर प्रहरीजवान | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ६३ | देवा शर्मा | पशु प्राविधिक | २००० | ५ | १०००० | श्रावणदेखि मंसिरसम्म |
| ६४ | मनोज कार्की | पशु चिकित्सक | २००० | ४ | ८००० | श्रावणदेखि कार्तिक |
| ६५ | गोबिन्द प्रसाद थारु | मेडीकल अधिकृत | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ६६ | रवि शर्मावाग्ले | मेडीकलअधिकृत | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ६७ | आदित्यचौधरी | हेल्थअसिस्टेन्ट | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ६८ | आसिफ खान | हेल्थअसिस्टेन्ट | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ६९ | द्रोणाबस्नेत | पब्लिकहेल्थ नर्स | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ७० | दिल बहादुरघर्ती मगर | हेल्थअसिस्टेन्ट | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ७१ | नरेन्द्रथापा क्षेत्रि | हेल्थअसिस्टेन्ट | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ७२ | मिलन शाही | सहायकपाँचौ | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ७३ | रन्जीताबि.क. | पब्लिकहेल्थ नर्स | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ७४ | सुधनबुढाथोकी | हेल्थअसिस्टेन्ट | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ७५ | सस्मिता सिंह ठाकुर | हेल्थअसिस्टेन्ट | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ७६ | कृष्णबहादुर खड्का | अ हे व | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ७७ | खगीशरा खड्का रावत | अ न मी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७८ | गुन्जासुनार | अ न मी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ७९ | जुनाकुमारी महतरा | अ न मी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ८० | टेक मायायोगी | अ न मी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ८१ | दिपक शर्मा | ल्यावअसिष्टेण्ट | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ८२ | निर्मलाकुमारी भण्डारी | अ न मी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ८३ | पदम बहादुरथारु | अ हे व | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ८४ | बबिताके.सी. | ल्यावअसिष्टेण्ट | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ८५ | मन्जु रावत | सहायक चौथौ | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ८६ | मायारेग्मी | अ न मी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ८७ | राज कुमारथारु | अ हे व | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ८८ | सुनितासुनार | अ न मी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ८९ | सपना थापा | अ न मी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ९० | कृष्ण थारु | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ९१ | गंगा दमाई | रा.प.अनं.तृतीय (मुखिया सरह) | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ९२ | ज्योती रिजाल क्षेत्री | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ९३ | डिला पुन मगर | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ९४ | तारा के.सी | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ९५ | देवीकुमारी थारु | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ९६ | प्रितिदेवि वि.क. | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ९७ | फुलन देवी चौधरी | सफाइकर्मचारी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ९८ | बाबु राममेनाल | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| ९९ | मेघा वि.क. | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १०० | मोतीकुमारी बुढा ( आले ) | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १०१ | मोहन चौधरी | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १०२ | यस कुमारथारु | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १०३ | विमलानेपाली | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १०४ | श्री कुमार थारु | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०५ | सुनिता मगर | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १०६ | सुरजश्रेष्ठ | कार्यालयसहयोगी | २००० | ६ | १२००० | श्रावणदेखि पौषसम्म |
| १०७ | सिमा थापा जैसी | कार्यालय सहयोगी | २००० | ६ | १२००० | श्रावण देखि पौषसम्म |
| जम्मा | | | | | १२,७८,००० | |

## बेरूजु दफा २६ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | सटर नं | नाम थर | रकम | धरौटी रकम |
|---|---|---|---|---|
| **१** | **A१** | कमला खत्री | ३३५०५ | १००५१५ |
| २ | A२ | छवि पुनमगर | २०००० | ६०००० |
| ३ | A३ | हुमाकन्तपान्डे | ३३७०० | १०११०० |
| ४ | A४ | कल्पनाहमाल धिताल | २४५५५ | ७३६६५ |
| ५ | A५ | मुकेश कुचौधरी | ३५५५६ | १०६६६७ |
| ६ | A६ | मन्जुपौडेल | ३३३३३ | ९९९९९ |
| ७ | A७ | हेमराजउपाध्याय पौडेल | ३०५५५ | ९१६६५ |
| ८ | A८ | दुपतिकुमारी भण्डारी | २९५०० | ८८५०० |
| ९ | A१० | विशाल लामा | २९७८६ | ८९३५८ |
| १० | A२३ | राजिवशर्मा | २६६८० | ८००४० |
| ११ | A२५ | नविनाश्रेष्ठ | २६१२५ | ७८३७५ |
| १२ | A२७ | अलि बहादुरशाही | २७८०० | ८३४०० |
| १३ | मेडिकलसटर | | १२१०० | ३६३०० |
| १४ | B४ | सावित्रीगौतम | १४४०० | ४३२०० |
| १५ | B५ | सिता रिजाल | ३५५५५ | १०६६६५ |
| १६ | B६ | उजेलीवाग्ले | १९५५५ | ५८६६५ |
| १७ | B७ | राम प्रसादपाण्डे | १५५०५ | ४६५१५ |

| | | | | |
|---|---|---|---|---|
| १८ | B८ | गगासापकोटा | १२६६६ | ३७९९८ |
| १९ | B९ | नैनसराथापा | १९९९९ | ५९९९७ |
| २० | B१० | गगावादी | १५००० | ४५००० |
| २१ | B११ | विष्णुप्रसाद न्यौपाने | २८५८८ | ८५७६४ |
| २२ | B१२ | विर बहादुरखत्री | १०४७५ | ३१४२५ |
| २३ | B१३ | राम प्रसादरिजाल | ३३५०० | १००५०० |
| २४ | B१४ | पार्वतीसुनार | १२०५० | ३६१५० |
| २५ | B१५ | ताराचालिसे | २५५५५ | ७६६६५ |
| २६ | B१७ | हरिकलाशर्मा | १७७७७ | ५३३३१ |
| २७ | B१८ | सम्झनाआचार्य | १००५० | ३०१५० |
| २८ | B१९ | गौरीआचार्य शाही | २२५९९ | ६७७९७ |
| २९ | B२० | प्रिमलक्ष्मी सार्की | १०००५ | ३००१५ |
| ३० | B२१ | रोशनन्यौपाने | १८१५६ | ५४४६८ |
| ३१ | B२२ | राम बहादुरक्षेत्री | १०५५५ | ३१६६५ |
| ३२ | B२३ | धनाखत्री | २०५०५ | ६१५१५ |
| ३३ | B२५ | सागरन्यौपाने | ३१५५५ | ९४६६५ |
| ३४ | B२६ | परेक लालजैसी | १०००० | ३०००० |

| | | | | |
|---|---|---|---|---|
| ३५ | B२७ | आम्बिकातिमिल्सिना | १९००० | ५७००० |
| बोलकबोलमा भाग लिएरछनोट भएका तर सम्झौता गर्न नआएका | | | | ० |
| ३६ | A18 | रेशमकार्की | १८८०० | ५६४०० |
| ३७ | A25 | मन प्रसादउपाध्याय | २६३७५ | ७९१२५ |
| ३८ | A28 | खिमराजबेल्वासे | २०१०० | ६०३०० |
| ३९ | B1 | चुरामणीघिमिरे | ४८५०० | १४५५०० |
| ४० | B2 | सुलोचनाजैसी आचार्य | १७५५५ | ५२६६५ |
| ४१ | B9 | फरोजहजाम | २५७८६ | ७७३५८ |
| ४२ | B16 | हरिकलाबि.क. | २०००० | ६०००० |
| ४३ | B17 | प्रीमलक्ष्मीसार्की | १८९९९ | ५६९९७ |
| ४४ | B19 | जिवन थारु | २१५९० | ६४७७० |
| ४५ | B20 | रामप्रसादचौधरी | १७५९० | ५२७७० |
| जम्मा | | | | ३०३४६१९ |

## बेरूजु दफा ५८ सँग सम्बन्धित विवरण - अनुसूची -५

| क्र.सं. | भौ.नं. र मितिनिर्माण कार्य / उपभोक्ता समिति | Item | परिमाण | भुक्तानी भएको मू.अ.कर | मू. अ. कर विल पेश भएको | भुक्तानी भएको वढी मू.अ.कर | |
|---|---|---|---|---|---|---|---|
| १ | १९७।०८०।१०।१५ | सुन्दर वस्ती चोक देखि भुवन चन्दको घर सम्म पक्की नालि निर्माण | सरिया | १६४६ | २०३२८ | १७९७४ | २३५४ |
| २ | १३४।०८०।८।२४ | वडा कार्यालय जाने वाटोमा नाली नर्माण | सिमेन्ट २८७ | २८७ वोरा | १८६५५ | १७४९८ | ११५६ |
| | | | सरिया | १८४६ के जी | २२७९८ | २१११८ | १६८० |
| | | | | जम्मा | | | २८३६ |
| ३ | २४१।०८०।११।२४ | शुसिल वैगारको घर पुर्व नालि निर्माण | सिमेन्ट | २५३ वोरा | १६४४५ | १५१२९ | १३१६ |
| | | | सरिया | २१५८ के जी | २६६५१ | २३५६५ | ३०८६ |
| | | | | जम्मा | | | ४४०२ |
| ४ | ११३।०८०।०८।१० | दयाराम थारुको घर देखी सिव मन्दिर सम्म जाने वाटोमा पक्की नाली निर्माण | सिमेन्ट | २६१ वोरा | १६९६५ | १५६०७ | १३५८ |
| | | | सरिया | ३३७१ के जी | ४१६३२ | ३७६८७ | ३९४५ |
| | | | | जम्मा | | | ५३०३ |
| ५ | २६६।०८०।१२।०९ | कोहलपुर पार्टी प्यालेस देखि पश्चिम पुरही चोक पक्कि नाली निर्माण उ स | सिमेन्ट | २०३ वोरा | १३,१९५ | १०५५६ | २६३९ |
| | | | सरिया | १६६७ के जी | २०५८७ | १७९८७ | २६०० |
| | | | | जम्मा | | | ५२३९ |
| ६ | २७९।०८०। | बिनोद | सरिया | १८०८ के | २२३२९ | २००९६ | २२३३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १२।२० | चौधरीको घरदेखि घरको साँधवाट नाली निर्माण वडा नं २ | | जी | | | |
| ७ | २२६।०८०।११।८ | ख लाइन फुलवारीटोल चोक देखि नालि निर्माण वडा १ | सरिया | २३५७ | २९१०८ | २६६५७ | २४५१ |
| ८ | २७४।०८०।१२।१८ | विराट खानेपानी पुर्व देखी नाली निर्माण वडा नं १० | सरिया | २६६८ के जी | ३२९५० | २८४४० | ४५१० |
| ९ | २८०।०८०।१२।२० | मन्नापुर पक्की नालि निर्माण | सरिया | २११७ के जी | २६१४५ | २२९८० | ३१६५ |
| १० | १८८।०८०।१०।८ | इश्वरी प्रशाद पौडेलको घर हुदै पक्की नाली निर्माण वडा नं १० | सरिया | ३०२७ | ३७३८३ | ३३०५४ | ४३२८ |
| ११ | १।०८१।३।२४ | नमूना बाल उद्यान पार्क निर्माण | सिमेन्ट | २९२ के जी | १८९८० | १७५०० | १४८० |
| | | | सरिया | १६६६ के जी | २०५७५ | १८४०९ | २१६६ |
| | | | | जम्मा रु | | | ३६४६ |
| कुल जम्मा | | | | | | | ४०,४६७ |

## बेरूजु दफा ५९ सँग सम्बन्धित विवरण - अनुसूची - ६

| पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | चालु आ. व. | | गत आ.व.सम्मको | |
|---|---|---|---|---|---|
| | | म्याद ननाघेको रकम | म्याद नाघेको | म्यादननाघेको रकम | म्याद नाघेको |
| भैपरीआउने चालु खर्च | अग्निप्रसाद आचार्य | ० | ० | ० | ३०००० |
| अन्यकार्यालय संचालन खर्च | विक्रमथारु | ० | ० | ० | १०००० |
| सरस्वतीमा.वि. भवन निर्माण (वडा नं. ८) | के.आर.कन्ट्रक्सन | ० | ० | ० | ६८३००० |
| प्रशेनीपुरचौधारीया गोहवा गाउँ हुदै रझेना गाउँ जोड्ने सडक कालोपत्रे वडा न ४ ५ ६ १० र१५ | शोभालक्ष्मी कन्सट्रक्सन | ० | ० | ० | ९९४६१२ |
| रामनगरपश्चिम बिराट खानेपानीको गेट हुँदै पुन नेपालगन्ज सुर्खेत रोड जोड्ने बाटोकालोपत्रे | शोभालक्ष्मी कन्सट्रक्सन | ० | ० | ० | १४३२६५० |
| कोहलपुरनगरपालिकाको प्रशासनिक भवन निर्माण | एसोसियट ।जय भवानी । रन्जितकार जे भि | ० | ० | ० | १०१८४५८१ |
| सडकमर्मत संभार कोष | के.आर.कन्ट्रक्सन | ० | ० | ० | ८९०००० |
| राजमार्गजोडने सडकहरुको स्तरउन्नति (बहुबर्षिय) | के.बि.गुरुङ्गकन्स्ट्रक्सन प्रा.लि | ० | ० | ० | १४७५००० |
| कभर्डहलनिर्माण | धुलिखेल।जे.के.जे.भि. | ० | ० | ० | ५०००००० |
| कभर्डहलनिर्माण | धुलिखेल।जे.के.जे.भि. | ० | ० | ० | ४५००००० |
| म्याचिंगफन्ड | शोभालक्ष्मी कन्सट्रक्सन | ० | ० | ० | ९८२००० |
| राष्ट्रपतिशैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका बिद्यालयहरुमा तोकिएको भौतिक तथाशैक्षिक पुर्वाधार विकासका लागि अनुदान | कोहलपुरमाध्यमिक विद्यालय | ० | ० | ० | १५५५००० |
| राष्ट्रपतिशैक्षिक सुधार कार्यक्रम अन्तर्गत तोकिएका बिद्यालयहरुमा तोकिएको भौतिक तथाशैक्षिक पुर्वाधार विकासका लागि अनुदान | कोहलपुरमाध्यमिक विद्यालय | ० | ० | ० | २४५००० |
| विद्यालयभौतिक पुर्वाधार निर्माण अनुदान | त्रिभुवनमाध्यामिक बिद्यालय | ० | ० | ० | १७९१००० |

| | | | | | |
|---|---|---|---|---|---|
| विद्यालयभौतिक पुर्वाधार निर्माण अनुदान | श्रीत्रिभुवन नमुना माध्यमिक बिद्यालय कोहलपुर | ० | ० | ० | ८२०९००० |
| प्रतिविद्यार्थी लागतका आधारमा शिक्षणसिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | श्रीलक्ष्मि माबि बर्दहवा कोहलपुर २ बांके | ० | ० | ० | १८००००० |
| प्रतिविद्यार्थी लागतका आधारमा शिक्षणसिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | श्रीलक्ष्मि माबि बर्दहवा कोहलपुर २ बांके | ० | ० | ० | २५२४६८८ |
| उद्धारराहात पुनर्स्थापन | कोहलुर-बैजनाथसंयुक्त जोखिम तथा आपतकालीन उद्धार शासन कार्यदल | ० | ० | ० | ९००००० |
| पानीबिजुली | नेपालबिद्युत प्राधिकरण | ० | ० | ० | २६७२५२ |
| विद्युतपोल स्थानतरण गर्नको लागी | नेपालबिद्युत प्राधिकरण | ० | ० | ० | ५३९९०५ |
| समपुरककोष | नेपालबिद्युत प्राधिकरण | ० | ० | ० | ४०६४४० |
| बिद्यतपोलस्थान्तरण वडा नं ५ र ११ | नेपालविद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | ० | ० | ० | १६०१६० |
| वडान ६ को मर्मत संभार तथा विविध खर्च | नेपालविद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | ० | ० | ० | २९४१९ |
| विद्यूतपोल सार्ने तथा विद्युत विकास सहकार्य | नेपालविद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | ० | ० | ० | १२७९९६ |
| विद्यूतपोल सार्ने तथा विद्युत विकास सहकार्य | नेपालविद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | ० | ० | ० | ४७१११९ |
| विद्यूतसरंचना निर्माण तथा विद्युत विकास सहकार्य | नेपालविद्युत प्राधिकरण कोहलपुर वितरण केन्द्र | ० | ३२७६४० | ० | ० |
| शिक्षातथा स्वास्थय तर्फ | श्री नेपालराष्ट्रिय आधारभुत विद्यालय लखनावार | ० | ८०००० | ० | ० |
| नमुना विद्यालय संघीय सशर्त अनुदान | त्रिभुवन मा वि | ० | ६२००००० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| गो भौं नं ३०८।२०८१।०२।२१ | | | | | |
| वडान ११ शिक्षा तर्फ | श्री ज्ञानज्योति माध्यमिक विधालय बगिया | ० | २००००० | ० | ० |
| म्याचिंगफन्ड | श्री नेपालराष्ट्रिय आधारभुत विद्यालय लखनावार | ३६०००० | ० | ० | ० |
| म्याचिंगफन्ड | श्री नेपालराष्ट्रिय प्राथमिक विद्यालय सिमरी | ३६०००० | ० | ० | ० |
| वडा नं. ७ स्थित जमुनी र लखना जोड्ने डुडुवा खोला झो.पु वडा नं. १५ स्थित पेडारी नालाकोहलपुर नगरपालिका | वडा नं.७स्थित जमुनि र लखना जोड्ने डुडुवा खोला झुलुङ्गे पुल निर्माण उपभोक्ता समिति | ० | ० | ० | ११६७१४ |
| विद्यालयभौतिक पुर्वाधार निर्माण अनुदान | श्रीलक्ष्मी माध्यमिक विद्यालय | ० | ० | ० | ३२३५९५ |
| एम्बुलेन्सखरिद सामुदायिक रेडियो प्रतिबोध १०२.३ मार्फत सञ्चालन हुने वडा नं.११ | सामुदायिकरेडियो प्रतिबोध एफ.एम. एम्बुलेन्स खरिद उ.स. | ० | ० | ० | १४९९६४८ |
| अन्यकार्यालय संचालन खर्च | डोंगालीथारु | ० | ० | ० | १५००० |
| कृषिशाखाको कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | प्रमोदकुमार विश्वकर्मा | ० | ० | ० | ७००० |
| जम्मा | | ७२०००० | ६८०७६४० | ० | ४७१७०७७८ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुनेगरेकोले आन्तरिक लेखापरीक्षण नियन्त्रण प्रभावकारी देखिँदैन। आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षणको प्रभावकारी कार्यान्वयन गरिनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।